# भ्रष्टाचार र मिडिया

## काण्ड, पात्र, प्रवृत्ति र विश्लेषण



सेन्टर फर मिडिया रिसर्च-नेपाल

# भ्रष्टाचार र मिडिया

## काण्ड, पात्र, प्रवृत्ति र विश्लेषण

सेन्टर फर मिडिया रिसर्च-नेपाल

**भ्रष्टाचार र मिडिया** : काण्ड, पात्र, प्रवृत्ति र विश्लेषण
सम्पादन : तिलक पाठक/भुवन केसी
भाषा : रघुनाथ लामिछाने
लेआउट : विपेन्द्र घिमिरे
कभर डिजाइन : बासु क्षितिज
प्रकाशन वर्ष : २०८१
ISBN : 9789937171359
DOI : https://doi.org/10.62657/cmr10214

**प्रकाशक**

Center for Media Research NEPAL

सेन्टर फर मिडिया रिसर्च-नेपाल
वेब : https://research.butmedia.org/
सामाजिक सञ्जाल : CMRNepal
इमेल : cmrnepal@butmdia.org
© सेन्टर फर मिडिया रिसर्च-नेपाल

**सहयोग**

PURAK ASIA

पुरक एसिया
७७ कुँवर मार्ग, काठमाडौँ-३१
इमेल : info@purakasia.org

*यो पुस्तक पुरक एसियाको सहयोगमा तयार पारिएको हो। यस पुस्तकमा व्यक्त गरिएका विचार, व्याख्या र निष्कर्ष लेखक स्वयंका हुन्। यद्यापि त्यसमा पुरक एसिया सहमत नहुन सक्छ।*

# विषयसूची

**भ्रष्टाचार र मिडिया** १-१८
*तिलक पाठक*

**नेपालमा भ्रष्टाचार : नीति र नियत** २१-६०
*दीपक अर्याल/राजीवरञ्जन सिंह*

**भ्रष्टाचारका ठूला काण्ड** ६३-१२५
*हरिबहादुर थापा*

**मिडियामा भ्रष्टाचारका मुद्दा** १२९-१७१
*भुवन केसी/चेतना कुँवर/जनार्दन नेपाल*

**कोकाकोला कर छली प्रकरण र मिडिया प्रवृत्ति** १७५-२०१
*डा. दिपेशकुमार घिमिरे*

**सिसिटिभी काण्डमा खोजी पत्रकारिता** २०५-२५४
*भुवन केसी/शकुन्तला लोथ्याल*

**भ्रष्टाचारविरुद्धका कार्टुन र प्रतीकको विविधता** २५७-२८७
*डा. कुन्दन अर्याल*


**नेपालमा भ्रष्टाचार नियन्त्रण : कानुनी व्यवस्था र अभ्यास** २९१-३३७
*तेजमान श्रेष्ठ*

**लेखक परिचय** ३३८-३३९

# मिडियामा भ्रष्टाचारका मुद्दा

भुवन केसी/चेतना कुँवर/जनार्दन नेपाल

https://doi.org/10.62657/cmr10214d



कसरी जोड्नु भयो यति धेरै सम्पति ?
श्रीमानले अफिसां जनताको सेवा गरेर उपहार पाएको!
वात्स्यायन
१६।०५।२०७५

## परिचय

भ्रष्टाचारका काण्डहरू पर्दाफास गर्न र भ्रष्टाचार नियन्त्रणका लागि मिडियाको भूमिका महत्त्वपूर्ण हुन्छ । भ्रष्टाचारसम्बन्धी विशेषखालका रिपोर्टिङ हुँदा भ्रष्टाचारमा संलग्नलाई कारबाही गर्नका साथै नीतिगत परिवर्तनमा समेत सहयोग पुग्छ । भ्रष्टाचारविरुद्ध मिडियाको भूमिका प्रभावकारी हुँदा सुशासन कायम गर्न पनि सहयोग पुग्छ । तर, त्यस्तो वातावरण सिर्जना हुन मिडियामा भ्रष्टाचारसम्बन्धी कस्ता सामग्री प्रकाशित हुने गरेका छन्, त्यसले विशेष अर्थ राख्छ ।

नेपालका मिडियामा भ्रष्टाचारका विषयमा समाचार, समाचार विश्लेषण, सम्पादकीय, विचार, फिचर, अन्तर्वार्ता प्रकाशित भएको पाइन्छ । तर, कुन कुन क्षेत्रमा भएका भ्रष्टाचारका सामग्री प्रकाशित भएका छन्, त्यस्ता प्रकाशित सामग्री खोजीमा आधारित छन् कि घटनामा ? भन्ने विषय यो अध्ययनमा समेटिएको छ । त्यस्तै, मुलुक सङ्घीय संरचनामा गएसँगै सङ्घ, प्रदेश र स्थानीय गरी ३ तहका सरकार रहेको अवस्थामा यी ३ वटै तहमा भएका भ्रष्टाचारका विषयमा के/कस्ता सामग्री के/कति प्रकाशित भएका छन् भन्ने विषय पनि अध्ययनले समेटेको छ । अध्ययनले मिडियामा प्रकाशित भ्रष्टाचारसँग सम्बन्धित सामग्रीको अवस्था पहिचान गरेको छ । भ्रष्टाचारका कुन प्रकृतिसँग सम्बन्धित विषयहरू धेरै आएका छन्, भ्रष्टाचारसँग कुन कुन निकाय जोडिएका छन्, प्रकाशित समाचार सामग्रीहरूमा स्रोतहरूको

प्रयोगको अवस्था के छ, भूगोलका हिसाबले कुन क्षेत्रका सामग्री आएका छन् लगायत पक्ष पनि अध्ययनले उजागर गरेको छ ।

## अध्ययन विधि र सीमितता

भ्रष्टाचारविरुद्धका २ महत्त्वपूर्ण सन्दर्भ भ्रष्टाचारविरुद्धको दिवस र अख्तियार दुरुपयोग अनुसन्धान आयोग स्थापना भएको मितिको सेरोफेरोमा प्रकाशित सामग्रीमा केन्द्रित रहेर यो अध्ययन गरिएको छ। सन् २००३ मा संयुक्त राष्ट्र सङ्घको महासभाले डिसेम्बर ९ लाई भ्रष्टाचारविरुद्धका दिवसका रूपमा मान्यता दिएको थियो । त्यसयता हरेक वर्ष डिसेम्बर ९ लाई विश्वभर भ्रष्टाचारविरुद्धको दिवसका रूपमा मनाउने गरिन्छ । नेपालमा २०७८ साल मङ्सिर २३ गते (डिसेम्बर ९) लाई यस दिवसको रूपमा मनाइएको थियो । त्यसैगरी संवैधानिक निकायका रूपमा २०४७ साल माघ २८ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोग स्थापना भएको र त्यस दिनलाई अख्तियार स्थापना दिवसका रूपमा मनाउने गरिएको छ । यी दुवै दिवस (दिवसअघिका दिन र लगत्तैपछिका दिन) लाई केन्द्रमा राखी नेपाली मिडियामा प्रकाशित सामग्रीलाई अध्ययनमा समावेश गरिएको हो । यस हिसावले २०७८ मङ्सिर ८ देखि पुस ८ (भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवस मङ्सिर २३ मा परेकाले) गतेसम्मको १ महिना र २०७८ साल माघ १३ देखि २०७८ साल फागुन १३ गते (अख्तियार दिवस माघ २८ मा परेकाले) को अर्को १ महिना गरी २ महिनाको अवधिमा प्रकाशित सामग्री यस अध्ययनमा समावेश गरिएको छ ।

अध्ययनका लागि छापा माध्यमतर्फ कान्तिपुर दैनिक र गोरखापत्र दैनिकलाई छनोट गरिएको थियो । धेरै छापिने र बिक्री वितरण हुने दाबीका आधारमा कान्तिपुर र सरकारी स्वामित्व रहेका कारण गोरखापत्र दैनिकलाई छनोट गरिएको हो । त्यस्तै, अनलाइन मिडियातर्फचाहिँ अनलाइनखबर डटकम, इकागज डटकम र लोकान्तर डटकम छनोट गरिएको थियो । अनलाइनखबर पुरानो र अग्रणी भएकाले छनोट गरिएको हो भने इकागज र लोकान्तरले चाहिँ भ्रष्टाचारसम्बन्धी सामग्री प्रकाशनलाई सुशासन उपशीर्षकको अलग्गै खण्ड छुट्टयाई प्राथमिकता

दिएकाले अध्ययनका लागि छानिएको हो। अध्ययनका क्रममा यी ५ वटा मिडियामा प्रकाशित भ्रष्टाचार तथा सुशासनसम्बन्धी समाचार, फिचर, विश्लेषण, अन्तर्वार्ता, विचार र सम्पादकीय समावेश छ। अध्ययनमा यस अवधिमा २ वटा पत्रिका गोरखापत्र दैनिकमा प्रकाशित (६०) र कान्तिपुर दैनिकमा प्रकाशित (२७) गरी ८७ वटा र ३ वटा अनलाइन अनलाइनखबर (६१), इकागज (३६) र लोकान्तर (३१) गरी १२८ वटासहित कुल २१५ वटा भ्रष्टाचारसम्बन्धी सामग्रीको विश्लेषण गरिएको छ। त्यसमध्ये समाचार (१७०), समाचार विश्लेषण (२२) र फिचर (२) गरी १९४ वटा समाचारमूलक सामग्री छन्। यस अध्ययनमा समाचार, समाचार विश्लेषण र फिचारलाई समग्रमा समाचारका रूपमा समावेश गरिएको छ। समाचार भन्दा अतिरिक्त अध्ययन अवधिमा विचार (१३), सम्पादकीय (७) र अन्तर्वार्ता (१) प्रकाशित भएको पाइन्छ। यो अध्ययन मूलतः सङ्ख्यात्मक विधिमा आधारित भएर गरिएको छ।

भ्रष्टाचार केलाई मान्ने भन्नेमा भ्रष्टाचार निवारण ऐन २०५९ को परिच्छेद २ मा उल्लिखित भ्रष्टाचारको कसुर र सजायसम्बन्धी व्यवस्थालाई मुख्य आधार मानिएको छ। यस परिच्छेदमा रिसवत लिने/दिने, बिनामूल्य वा कम मूल्यमा वस्तु वा सेवा लिने, दान, दातव्य, उपहार वा चन्दा लिने, कमिसन लिने, राजस्व चुहावट गर्ने, गैरकानुनी लाभ वा हानि पुऱ्याउने, बदनियतले काम गर्ने, गलत लिखत तयार गर्ने, गलत अनुवाद गर्नेलाई भ्रष्टाचारजन्य कसुर गरेको मानिने उल्लेख छ। यसैगरी सरकारी कागजात सच्याउने, सरकारी वा सार्वजनिक संस्थाको कागजात नोक्सान गर्ने, प्रश्नपत्रको गोपनीयता भङ्ग गर्ने वा परीक्षाको परिणाम फेरबदल गर्ने, गैरकानुनी व्यापार/व्यवसाय गर्ने, नपाएको ओहदा पाएँ भन्ने, झुटा विवरण दिने, सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गर्ने, गैरकानुनी दबाब दिने र गलत प्रतिवेदन दिनेलाई पनि भ्रष्टाचारजन्य कसुर उल्लेख गरिएको छ। त्यस अतिरिक्त अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८, सुशासन ऐन २०६४ लाई पनि आधार मानिएको छ।

अध्ययनका लागि थप सहज होस् भन्ने ध्येयले व्यावहारिकरूपमा केही पक्षसमेत समावेश गरी भ्रष्टाचारलाई थेमेटिकरूपमा विभाजन गरिएको छ।

यसअनुरूप आर्थिक अनियमितता/पैसा, शक्ति/पद/अधिकारको दुरुपयोग, भ्रष्टाचारको संरक्षण, जालसाझी, नातावाद/कृपावाद, व्यक्तिगत स्वार्थ र कर्तव्यच्यूत भनी विभाजन गरिएको छ ।

आर्थिक अनियमितता/पैसाअन्तर्गत ब्ल्याकमेलिङ, कमिसन, घूस, गैरकानुनी आर्जन, राजस्व चुहावट, गैरकानुनी सहयोग दान, दातव्य, उपहार वा चन्दा, गैरकानुनी लाभ वा हानिको बदनियतले हुने काम, गैरकानुनी व्यापार व्यवसाय, फिरौती, सम्पत्ति शुद्धीकरण, घोटाला, इन्साइडर टेडिङ र गलत क्षेत्रमा लगानीलाई राखिएको छ ।

शक्ति/पद/अधिकारको दुरुपयोगअन्तर्गत सत्ताको दुरुपयोग, शक्तिको दुरुपयोग, अधिकारको दुरुपयोग, पदीय सुविधाको दुरुपयोग, पदको दुरुपयोग, सूचनाको दुरुपयोग, विवेकको दुरुपयोग, शक्तिका आडमा गरिने राज्यको स्रोतको वितरण, एउटा प्रयोजनका लागि लिइएको रकम अर्को प्रयोजनमा प्रयोगलाई राखिएको छ । यस्तै डर, त्रास, धम्की दिएर अधिकारको दुरुपयोग गरेको, नियम उल्लङ्घन, सेटिङ गर्नु, विनामूल्य वा कम मूल्यमा वस्तु वा सेवा, सरकारी वा सार्वजनिक संस्थाको कागजात नोक्सान, प्रश्नपत्रको गोपनीयता भङ्ग गर्ने वा परीक्षाको परिणाम फेरबदल, गैरकानुनी दबाब, नपाएको ओहदा पाएँ भन्ने, योजनाको गलत प्रयोग, मिलेमतोमा ठेक्का, मिलेमतोमा मूल्य निर्धारण, दलाली, दण्डहीनता, न्यायमा अवरोध, दमन, डर देखाउन र तस्करीलाई पनि शक्ति, पद र अधिकारको दुरुपयोगअन्तर्गत राखिएको छ ।

संरक्षणअन्तर्गत गलत कार्यको संरक्षण, गैरकानुनी कार्यको संरक्षण र अनधिकृत कार्यको संरक्षण राखिएको छ । जालसाझीअन्तर्गत जालसाझी, ठगी, कीर्ते कागज, धोकाधडी, झुटा विवरण, गलत प्रतिवेदन, गलत लिखत तयार, गलत अनुवाद, सरकारी कागजात सच्याइ, तथ्य कुरा लुकाउनु, आर्थिक गतिविधिबारे गलत विवरण र सूचना तयार पार्नु र बौद्धिक चोरीलाई राखिएको छ ।

नातावाद/कृपावादअन्तर्गत भनसुन अनुकम्पा/निगाह, अयोग्य व्यक्तिको नियुक्ति र पक्षपात गर्नुलाई राखिएको छ । व्यक्तिगत स्वार्थअन्तर्गत प्रलोभन, स्वार्थको द्वन्द्व, व्यक्तिगत फाइदाका लागि आरोप लगाउने,

व्यक्तिगत स्वार्थका लागि अरूलाई मर्कामा पार्नु र आफैँले कारोबार गर्ने निर्णयलाई राखिएको छ ।

कर्तव्यच्यूतअन्तर्गत जिम्मेवारी पन्छाउनु र कार्य सम्पादनमा ढिलाइ गर्नुलाई राखिएको छ। कारबाहीअन्तर्गत पक्राउ गर्नु, खोजी गर्नु, जरिवाना तिर्नु, जरिवानाका लागि फैसला हुनु र रिहा हुनुलाई समावेश गरिएको छ । त्यस भन्दा अतिरिक्तलाई अन्य विकल्पमा राखिएको छ ।

भ्रष्टाचारलाई नीति तथा निर्णयात्मक, प्रक्रियागत र प्रशासनिक ढिलासुस्तीको पक्षबाट पनि हेरिएको छ। नीति, नियम र ऐन विपरितका निर्णयहरूलाई नीतिगत तथा निर्णयात्मक भ्रष्टाचारका रूपमा राखिएको छ भने नियमभित्र रहने तर निर्णय गरेर वा काम गरेबापत रकम वा लाभ लिनेलाई प्रक्रियागत भ्रष्टाचारका रूपमा राखिएको छ। कुनै लाभ लिने वा नियत खराब राखेर काममा ढिलाइ गर्नेलाई ढिलासुस्तीका रूपमा राखिएको छ। मिडियाले सामग्रीको विश्लेषण भनेर नखुलाए पनि वा उल्लेख नगरे पनि त्यस्ता सामग्रीलाई अध्ययनमा विश्लेषणअन्तर्गत राखिएको छ ।

यो अध्ययनले अध्ययनका लागि निर्धारित गरिएको समयमा ५ वटा मिडियाले प्रकाशित गरेका भ्रष्टाचारसम्बन्धी सामग्रीको अवस्था झल्काउँछ । यी मिडियाले भ्रष्टाचारसम्बन्धी अरूबेला गरेका कभरेज र समग्ररूपमा नेपाली मिडियाहरूमा आएका भ्रष्टाचारसम्बन्धी सामग्रीहरूको अवस्थालाई भने अध्ययनले समेटेको छैन ।

## मिडिया र भ्रष्टाचार

पत्रकारिताले आमजनतालाई सुसूचित गरी चेतना जागृत गर्छ र सम्बन्धित पक्षबीच खबरदारी गर्ने कार्य गर्दछ। जनतालाई अनियमितताविरुद्ध आवाज बुलन्द गर्न अभिप्ररित गर्छ भने दोषीलाई कठघरामा ल्याइ कानुनी प्रक्रियाका लागि हौस्याउने गर्दछ (झा, सन् २०१७)। सञ्चार माध्यमले भ्रष्टाचारको पर्दाफास गर्न र त्यसविरुद्ध कानुनी, राजनीतिक र दण्डनीय कारबाही गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ। भ्रष्टाचारका सम्बन्धमा मिडियाले मुख्य ३ कार्य गर्न सक्छन् जसमा भ्रष्टाचारको निगरानी गर्ने, निष्ठालाई वृद्धि गर्ने र नागरिकलाई भ्रष्टाचार विरोधी प्रयासहरूमा संलग्न गराउन

सहयोग गर्ने छन् (स्याउसेल, सन् २०१९)। भ्रष्टचारका कुरा बाहिर ल्याएर मिडियाले नागरिक समाजमा आलोचनात्मक सचेतना फैलाउन पनि सहयोग गर्न सक्छन् (मेन्डेज, सन् २०१३) । मिडियाका रिपोर्टिङहरू जनचेतना जगाउने र भ्रष्टाचार पत्ता लगाउने महत्त्वपूर्ण स्रोत हुन् (चेने, सन् २०१९)।

लोकतन्त्रमा व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाबीच शक्ति सन्तुलनको अनुगमन र तिनीहरूको निगरानी गर्ने भएकाले मिडियालाई चौथो अङ्ग भन्ने गरिएको हो। सञ्चार माध्यमले सार्वजनिक क्षेत्रको खराब कार्य उजागर गरेर यस्तो कार्यमा संलग्न अधिकारीविरुद्धको अनुसन्धानलाई घच्घच्याउँछ भने ऐन र नियमको परिवर्तनलाई सघाउँछ (पौडेल, २०७७)।

वेभर (सन् १९७७) का अनुसार प्रेस स्वतन्त्रताका ३ वटा अवस्था हुन्छन् जसमा सापेक्षरूपमा मिडियामा सरकारको नियन्त्रण नहुनु, सरकार र अन्य क्षेत्रबाट मिडियामा पूर्णरूपमा नियन्त्रण नहुनु र बृहत् पाठकमाझ बहुलवादी विचार प्रवाहका लागि सर्तहरू हुनु छन् । स्वतन्त्र र सचेत मिडियाले सरकार र निजी क्षेत्रबाट भएका भ्रष्टाचार उधिन्न सक्छन् (स्याउसेल, २०१९) । तर मिडियाको निगरानी गर्ने भूमिकालाई प्रेसमाथि हुने नियन्त्रणले चुनौती दिएको हुन्छ (फ्रिडम हाउस, २०१९) ।

सरकारी क्षेत्रका मिडियामा भ्रष्टाचारका विषयहरू प्रकाशित भए पनि अनुसन्धानमूलक सामग्रीहरू मूलत: निजी क्षेत्रका मिडियाबाट आउने गर्छन् । सरकारी मिडिया सरकारको गतिविधिको अनुगमनमा कम प्रभावकारी हुन सक्छन् । तर घटनामा आधारित हुने भ्रष्टाचारसम्बन्धी समाचार सरकारी मिडियामा पनि आउने गर्छन् । मूलधारका मिडियाले मात्र नभएर, वैकल्पिक र थोरै दर्शक तथा पाठक भएका मिडियाबाट पनि भ्रष्टाचारसम्बन्धी अनुसन्धानमूलक सामग्री बाहिर आउन सक्छ । अनुसन्धानमूलक रिपोर्टिङहरूले सरकारी र फौजदारी अपराध अनुसन्धानका लागि बढाउन नेतृत्व गरेका उदाहरणहरू छन् (स्पेइगल, सन् २०१८; स्याउसेल सन् २०१९) ।

भ्रष्टाचारका घटनाहरू बाहिर आउँछन् कि आउँदैनन् भन्ने कुरा भ्रष्टाचारका घटना भएका छन् कि छैनन् र मिडियाको तागत र रुचि कत्तिको छ भन्ने कुरामा भर पर्छ। भ्रष्टाचारविरुद्धको कुनै पनि प्रयासलाई

सकारात्मक प्रभाव पार्न आमसञ्चार माध्यममा व्यावसायिक नैतिक र सिप, सम्भावित दमन र शारीरिक दुरुपयोगबाट संरक्षण; स्वतन्त्रता; पर्याप्त साधनस्रोत तथा सूचनासम्मको पहुँच आवश्यक पर्छ (आचार्य, २०७९)।

भ्रष्टाचारविरुद्ध मिडिया सशक्तरूपमा प्रस्तुत हुन मिडियाको स्वतन्त्रता पूर्वसर्त हो । मिडियाको स्वतन्त्रता कानुनी प्रावधान, आर्थिक तथा वित्तीय दबाब, मिडियाको स्वामित्व एकाग्रता, मिडियामा सरकारी स्वामित्व, व्यावसायिक आचारसंहिता, सरकारी वा निजी क्षेत्रबाट पत्रकारले सामना गरेका दमनको तहमा भर पर्छ (आइबल, सन् २००८, सिफ्रिन सन् २०१४, मेन्डेज सन् २०१३, वेभर स्न १९७७)।

मिडियाहरू सशक्त भए भने भ्रष्टाचारसम्बन्धी ठुल्ठूला काण्ड बाहिर आउँछन्। सार्वजनिक तहमा रहेका अधिकारी र व्यावस्थापकलाई राजीनामा दिन बाध्य पार्छन् (ओसिसिआरपी सन् २०१९, नि, सन् २०१४, नागोरा सन् २००९, ट्रान्सपरेन्सी इन्टरनेसनल सन् २०१२)। कानुनहरू परिवर्तन गर्छन् (नोगरा सन् २००९, स्याउसेल सन् २०१९)। भ्रष्टाचारीहरूलाई ठेगान लगाउने कार्यमा सरकारले नसकेको काम मिडियाले गरिदिन सक्छन् (बराल, २०७६)। त्यो सरकारी क्षेत्रको पनि हुन सक्छ र निजी क्षेत्रको पनि। मिडियाको ध्यान जसरी सरकारी क्षेत्रमा पुग्छ, निजी क्षेत्रमा पनि पुग्नुपर्ने हुन्छ। मिडियाले भ्रष्टाचारको मुद्दा उठाउँदा निजी क्षेत्रलाई सार्वजनिक संवाद भन्दा बाहिर राख्छ, प्रश्न वा शङ्काको घेरा भन्दा बाहिर राख्छ भने त्यो मिडियाको बेइमानी हुनेछ (पाण्डे, २०७६)।

भ्रष्टाचारविरुद्धमा यस्ताखालको प्रत्यक्ष बढी प्रभाव अनुसन्धानमूलक पत्रकारिताको मूलधार र वैकल्पिकरूपमा रहेका मिडियाको भन्दा धेरै हुन्छ (ड्रुक, सन् २०१८, स्याउसेल सन् २०१९)। अनुसन्धानमूलक सामग्रीलाई बृहत् पाठक तथा दर्शकबीच पुऱ्याउन भने मूलधारको मिडियाको भूमिका हुन्छ। मूलधारका मिडियाबाट अनुसन्धानमूलक सामग्री प्रकाशन तथा प्रसारण नगर्ने हो भने कभरेज पर्याप्त नहुन सक्छ (फारडाइ, सन् २०१३, सिफ्रिन, सन् २०१४)।

भ्रष्टाचारविरुद्ध मिडियाको प्रभाव तत्कालीन र दीर्घकालीन हुन्छ। दीर्घकालीन प्रभावमा जनचेतना जगाउने, आलोचनात्मक क्षमता बढ्ने,

राजनीतिक सहभागिता बढाउने, नागरिक मूल्य/मान्यता बढाउने, भ्रष्ट आचारणका विरुद्ध जनमत तयार पार्नेलगायतका हुन्छन् भने तत्कालीन प्रभावमा भ्रष्टाचारविरुद्ध तत्काल कदम बढाउने हुन्छ (स्याउसेल, सन् २०१९) । कुनैबेला छानविनका लागि आयोग बनाउने, संसद्मा आवाज बुलन्द हुनेलगायतका काम हुन्छन् । तर कुनैबेला परिणाममुखी प्रभाव नपर्न पनि सक्छ। ...भ्रष्टाचारसम्बन्धी राम्रा र गुणस्तरीय अनुसन्धानमूलक समाचार त्यसै रद्दी बनेका पनि प्रशस्त उदाहरण छन्। यस्ता समाचारले केही दिनसम्म हल्लीखल्ली मच्चाउने, केही हप्तासम्म विवाद सिर्जना गर्ने, पत्रकारले पुरस्कार प्राप्त गर्ने तर यस्ता समाचारमा उल्लिखित खराब कार्यमा कुनै कारबाही नहुने पनि देखिएको छ (पौडेल, २०७७) ।

राजनीतिक स्वतन्त्रता र मिडिया स्वतन्त्रता छ भन्दैमा मिडियाले भ्रष्टाचारविरुद्ध प्रभावकारी भूमिका निर्वाह नगर्न पनि सक्छन्। भ्रष्टाचार नियन्त्रणका लागि मिडिया प्रभावकारी माध्यम भए पनि मिडिया आफैँ भ्रष्टाचारदेखि खतरामा पर्न सक्छन् । कुनैबेला मिडिया निश्चित स्वार्थ, भ्रष्टाचार र शक्तिको दुरुपयोगबाट निरन्तर लक्षित भइ हस्तक्षेप हुन सक्छ (स्याउसेल, सन् २०१९)। कुनैबेला मिडियामा लेखिएका समाचारहरू तथ्यमा आधारित नभएर मिडिया आफैँ पनि समस्यामा पर्ने गर्छन् भने कुनैबेला मिडियामा अनुसन्धानमूलक समाचारहरू तथ्य पुष्टि गर्ने आधारहरूविना पनि आएका हुन सक्छन्। चर्चामा आउन मात्र खोज र अनुसन्धानमूलक समाचार प्रकाशित गर्ने, समाचारको तथ्यलाई तोडमोड गर्ने, समाचारलाई सौदाबाजीको औजार मात्र बनाउने, खाली ठूला-ठूला काण्डमा मात्र चासो राख्ने, पत्ता लागेका सूचनाहरू बिक्री गर्ने, कसैलाई प्रतिशोध लिन मात्र कोसिस गर्ने जस्ता अनैतिक र गैरव्यवसायिक कार्य पत्रकारले गर्न सक्छन् (पौडेल, २०७७) ।

मिडियाले राजनीतिक पद्धतिमा पारदर्शी र जवाफदेही हुन सहयोग गर्छ (फ्रिडम हाउस, सन् २०१८, फारडाइ, सन् २०१३) । सरकारमा पारदर्शिताको अभाव र सार्वजनिक कार्यालयहरूमा रहेको भ्रष्टाचारले राजनीतिक पद्धतिप्रति नागरिकले विश्वास गुमाउँछन् (फ्रिडम हाउस, सन् २०१९)। सञ्चारको प्रभावकारी प्रयोगद्वारा कानुनी कारबाही ढिलो हुँदाहुँदै

पनि समाजले तुरुन्तै प्रतिक्रिया दिन थाल्छ । भ्रष्टाचारीका टीका-टिप्पणी, सामाजिक विभेद सामाजिक अस्वीकार्यता जस्ता अवस्था सिर्जना हुने गर्दछ। राजनीतिज्ञहरू आफ्ना मतदाताबाट बहिष्कृत हुन पुग्छन्। यसर्थ, पत्रकारको कलम सेनाको गोली भन्दा धेरै गुणा शक्तिशाली हुने गर्छ। तर समस्या यसको सतही छानबिन र विश्लेषणमार्फत सूचना प्रवाह हुनुमा छ (मैनाली, २०७६)।

नेपाली पत्रकारितामा समाचार स्रोतको सन्निकटता र पहुँचको पक्ष निकै कमजोर र अष्पष्ट भएकाले भ्रष्टाचार र अख्तियारको दुरुपयोगसम्बन्धी घटनाहरूको सतही समाचारबाहेक खोज र अनुसन्धानमा आधारित समाचारहरू कमै बन्ने गर्दछन् (दाहाल, २०७८)। तर यसको विपरित नेपाली मिडियाले राम्रा काम गरेका छन् भन्ने भनाइ पनि पाइन्छ। नेपाली पत्रकारिताले थुप्रै भ्रष्टाचार उजागर गर्न सकेको छ (थापा, २०७४)।

## दैनिक पत्रिका र अनलाइनमा भ्रष्टाचारसम्बन्धी मुद्दा

### अनलाइनखबरमा धेरै सामग्री

अध्ययनको अवधिमा २१५ वटा सामग्री प्रकाशित भएका छन् जसमध्ये ३ वटा अनलाइनमा १२८ (५९.४ प्रतिशत) र २ वटा पत्रिकामा ८७ वटा (४०.६ प्रतिशत) सामग्री प्रकाशित भएका छन्। प्रकाशित सामग्रीमध्ये अनलाइनखबरमा ६१ (२८.४ प्रतिशत), इकागजमा ३६ (१६.७ प्रतिशत) र लोकान्तरमा ३१ वटा (१४.४ प्रतिशत) छन् भने गोरखापत्रमा ६० (२७.९ प्रतिशत) र कान्तिपुरमा २७ वटा (१२.६ प्रतिशत) छन्। यस अवधिमा अनलाइनखबरमा सबै भन्दा धेरै र कान्तिपुरमा सबै भन्दा थोरै सामग्री प्रकाशित भएको पाइन्छ।

अनलाइनखबरले यस अवधिमा भ्रष्टाचारसम्बन्धी समाचार २८.४ प्रतिशत र समाचार विश्लेषण १.९ प्रतिशत मात्रै प्रकाशित गरेको छ जबकि यससम्बन्धी विषयमा विचार, सम्पादकीय, फिचर, अन्तर्वार्ता जस्ता सामग्री प्रकाशित गरेको पाइँदैन। इकागजले पनि यस अवधिमा

भ्रष्टाचारसम्बन्धी विचार र फिचर सामग्री प्रकाशित गरेको छैन । इकागजको पनि प्राथमिकतामा चाहिँ समाचार नै परेको छ। यस अवधिमा इकागजले भ्रष्टाचारसम्बन्धी समाचार १२.६ प्रतिशत, समाचार विश्लेषण १.९ प्रतिशत, सम्पादकीय १.९ प्रतिशत र अन्तर्वार्ता ०.५ प्रतिशत प्रकाशित गरेको छ । लोकान्तरचाहिँ यो अवधिमा भ्रष्टाचारसम्बन्धी सामग्री प्रकाशनको सवालमा समाचार, समाचार विश्लेषण र विचारमा केन्द्रित भएको देखिन्छ । लोकान्तरले यस अवधिमा भ्रष्टाचारसम्बन्धी समाचार ९.८ प्रतिशत, समाचार विश्लेषण ४.२ प्रतिशत र विचार ०.५ प्रतिशत प्रकाशित गरेको छ भने सम्पादकीय, फिचर र अन्तर्वार्ता प्रकाशित गरेको पाइँदैन ।

तालिका १ :

**मिडियाअनुसार प्रकाशित सामग्रीको प्रकारको अवस्था** (प्रतिशतमा)

| प्रकाशित सामग्री | अनलाइन खबर | इकागज | लोकान्तर | गोरखापत्र | कान्तिपुर | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|
| समाचार | २६.५ | १२.६ | ९.८ | २२.३ | ७.९ | ७९.१ |
| विश्लेषण | १.९ | १.९ | ४.२ | १.९ | ०.५ | १०.२ |
| विचार | - | - | ०.५ | २.८ | २.८ | ६.० |
| सम्पादकीय | - | १.९ | - | ०.५ | ०.९ | ३.३ |
| फिचर | - | - | - | ०.५ | ०.५ | १.० |
| अन्तर्वार्ता | - | ०.५ | - | - | - | ०.५ |
| जम्मा | २८.४ | १६.७ | १४.४ | २७.९ | १२.६ | १०० |
| | अनलाइन (५९.४) | | | छापा (४०.६) | | |

*स्रोत : सिएमआर-नेपाल, २०८०*

त्यसो त अनलाइन मिडिया मात्रै होइन, छापा सञ्चार माध्यमले पनि भ्रष्टाचारसम्बन्धी सामग्री प्रकाशनमा समाचारलाई नै प्राथमिकता दिएका छन्। गोरखापत्रले यस अवधिमा भ्रष्टाचारसम्बन्धी समाचार २२.३ प्रतिशत प्रकाशन गरेको छ भने त्यसपछि विचार, समाचार विश्लेषण,

सम्पादकीय र फिचर प्रकाशनको हिस्सा क्रमश: २.८, १.९, ०.५ र ०.५ प्रतिशत छ। गोरखापत्रले यस अवधिमा भ्रष्टाचारसम्बन्धी विषयलाई लिएर अन्तर्वार्ता भने प्रकाशन गरेन। कान्तिपुरले पनि यस अवधिमा भ्रष्टाचारसम्बन्धी विषयलाई लिएर अन्तर्वार्ता प्रकाशित गरेको पाइएन। कान्तिपुरले यो अवधिमा भ्रष्टाचारसम्बन्धी समाचार ७.९ प्रतिशत, विचार २.८ प्रतिशत, सम्पादकीय ०.९ प्रतिशत, समाचार विश्लेषण ०.५ प्रतिशत र फिचर पनि ०.५ प्रतिशत नै प्रकाशित गरेको पाइन्छ।

यो अवधिमा भ्रष्टाचारसम्बन्धी सबै भन्दा धेरै सामग्री प्रकाशन गरेको अनलाइनखबरमा यस विषयलाई लिएर घटनामा आधारित छोटादेखि खोजमूलक र विस्तृत पृष्ठभूमिसहितका सामग्री प्रकाशित भएका छन्। त्यसमध्येको एउटा हो, धितोपत्र बोर्डका निवर्तमान अध्यक्ष भीष्मराज ढुङ्गानामाथि लागेको आरोपसम्बन्धी पृष्ठभूमिसहित लेखिएको समाचार-

> *'अख्तियार दुरुपयोग अनुसन्धान आयोगले धितोपत्र बोर्डका निवर्तमान अध्यक्ष भीष्मराज ढुङ्गानामाथि भ्रष्टाचारको आरोपमा अनुसन्धान थालेको छ। पदको दुरुपयोग गरी छोरीलाई सेयर दिलाएको र अस्वाभाविक कारोबार गरेको आरोपमा अख्तियारले ढुङ्गानामाथि विस्तृत अनुसन्धान थालेको हो। 'पदीय मर्यादाविपरीत व्यक्तिगत लाभका लागि बुक बिल्डिङ विधिमार्फत धितोपत्र निष्कासनको तयारी गरिरहेको सर्वोत्तम सिमेन्टको सेयर छोरीका नाममा लिएको भन्ने आरोप उहाँमाथि छ', अख्तियार उच्च स्रोतले अनलाइनखबरसँग भन्यो, 'हामी अनुसन्धानकै चरणमा छौँ। उहाँले भ्रष्टाचार गरेको देखिएमा कानुनबमोजिम विशेष अदालतमा मुद्दा दायर गर्ने तयारी छ।'*[१]

लोकान्तरमा सुशासन र खोज शीर्षकमा र इकागजमा सुशासन शीर्षकमा छुट्टै खण्ड छ। त्यति हुँदाहुँदै पनि यी मिडियाको तुलनामा

---

[१] ज्ञवाली, कृष्ण। २०७८, मङ्सिर २७। धितोपत्र बोर्डका निवर्तमान अध्यक्ष ढुङ्गाना अख्तियारको छानबिनमा। Retrieved January 1, 2023 from https://www.onlinekhabar.com/2021/12/1051931.

भ्रष्टाचार तथा सुशासनसम्बन्धी अलग्गै खण्ड नभएको अनलाइनखबरमा भ्रष्टाचारसम्बन्धी सामग्री सङ्ख्यात्मक हिसावले धेरै प्रकाशित भएको पाइन्छ। सङ्ख्यात्मक हिसाबले निजी क्षेत्रबाट सञ्चालित कान्तिपुर दैनिक भन्दा सरकारी मिडिया गोरखापत्र दैनिकमा धेरै सामग्री प्रकाशित भएका छन्। घटनामा आधारित र त्यसमा पनि सरकारी निकायले भ्रष्टाचारविरुद्ध गरेका गतिविधिलाई गोरखापत्रले बढी स्थान दिएको देखिन्छ। गोरखापत्रमा प्रकाशित हुने समाचारमा खोजी भन्दा भ्रष्टाचार र भ्रष्टाचारविरुद्धसम्बन्धी कार्यक्रमहरूलाई बढी समावेश गरेको पाइन्छ।

## समाचारमा प्राथमिकता, अन्तर्वार्तामा रुचि कम

मिडियामा भ्रष्टाचारसँग सम्बन्धित विभिन्न सामग्री प्रकाशित भएकामा सबै भन्दा बढी समाचार (७९.१ प्रतिशत) प्रकाशित भएको छ भने सबै भन्दा कम अन्तर्वार्ता (०.५ प्रतिशत) प्रकाशित भएको छ। त्यस्तै, समाचार विश्लेषण (१०.२ प्रतिशत), विचार (६.० प्रतिशत), सम्पादकीय (३.३.प्रतिशत) र फिचर (१ प्रतिशत) प्रकाशित भएका छन्। यस हिसावले भ्रष्टाचारसम्बन्धी सामग्री प्रकाशन गर्ने मिडियाको सबै भन्दा धेरै प्राथमिकता समाचारमा र सबै भन्दा कम रुचि अन्तर्वार्तामा रहेको देखिन्छ। समाचारको हकमा ठुल्ठूला विषय पनि समेटिएका छन्। बालुवाटारस्थित ललिता निवास परिसरको जग्गा मुलुकमा भएका भ्रष्टाचारमध्ये एक प्रमुख काण्ड हो जसबारे कान्तिपुर दैनिकमा मातृका दाहालले लेखेका छन्-

> *'बालुवाटारस्थित ललिता निवास परिसरको सरकारी जग्गा हिनामिनासम्बन्धी अनुसन्धान टुङ्ग्याउन प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) ले आरोपित पक्राउ गर्न थालेको छ। ठगीको कसुरमा जाहेरी परेको २ वर्षभित्र अदालतमा मुद्दा दर्ता गर्नुपर्ने कानुनी हदम्याद नजिकिँदै गएपछि सिआइबी सक्रिय बनेको हो। पछिल्लोपटक काठमाडौँ जिल्ला अदालतबाट ८ जनाविरूद्ध पक्राउ पुर्जी जारी गरिएकामा जग्गा हिनामिनाका 'मुख्य योजनाकार' रामकुमार सुवेदी र उनकी पत्नी माधवी*

*सुवेदी मङ्गलबार राति काठमाडौंको ताहाचलबाट पक्राउ परेका छन् ।'*[२]

## सम्पादकीय : स्पष्ट सुझाव

यस अवधिमा प्रकाशित भ्रष्टाचारसम्बन्धी सामग्रीमध्ये सम्पादकीयको हिस्सा समग्रमा ३.३ प्रतिशत मात्रै रह्यो जसमध्ये इकागजमा १.९ प्रतिशत, कान्तिपुरमा ०.९ प्रतिशत र गोरखापत्रमा ०.५ प्रतिशत रह्यो। सम्पादकीय प्रकाशित गर्दा इकागजले समस्या उजागर गर्ने मात्र होइन, समाधानका लागि समेत स्पष्ट दृष्टिकोण अघि सारेको देखिन्छ। अदालतमा देखापरेको समस्याबारे इकागजको सम्पादकीयमा लेखिएको छ-

> *गोला प्रथा, स्वचालित प्रणालीबाट पनि स्थायी समाधान सूत्र निस्कँदैन । जबसम्म न्यायाधीशको नियुक्ति दूषित र कपटपूर्ण तरिकाबाट हुन्छ तबसम्म पूर्णतः सुधारको अपेक्षा गर्न सकिँदैन । किनभने यतिखेर सर्वोच्चदेखि जिल्ला अदालतसम्म राजनीतिक पृष्ठभूमि भएका, न्यायपरिषद्का सदस्यसँग नाता-गोता, नसा-नसा जोडिएका पात्रहरू न्यायाधीशका रूपमा भर्ती भएका छन् । विनापरीक्षण त्यसरी न्यायाधीश नियुक्त भएपछि सफा तरिकाबाट न्याय पर्न सक्दैन । त्यसो हुँदा विकृति-जालसाजीबिहीन न्यायालयका निम्ति नियुक्तिदेखि पद्धतिसम्म आमूल सुधार हुनुपर्छ ।*[३]

यता सम्पादकीय पनि अनलाइन माध्यमको रोजाइमा परेको देखिएन। यस अवधिमा अनलाइनखवर र लोकान्तरले भ्रष्टाचारसम्बन्धी एउटा पनि सम्पादकीय नलेखेबाट पनि सम्पादकीय उनीहरूको प्राथमिकतामा नपरेको देखिन्छ ।

---

२ दाहाल, मातृका । २०७८, पुस ८ । ललिता निवास जग्गा प्रकरणका 'योजनाकार' पक्राउ । कान्तिपुर दैनिक, पृ. १ ।

३ न्यायालय : टुलुटुलु हेर्ने ? टालटुल गर्ने ? जगदेखि सुधारौं । २०७८, मङ्सिर १५ । Retrieved December 10, 2022 from https://ekagaj.com/article/thought-interview/32331/

## विचारमा विविधता

समग्र ५ वटा मिडियामा यस अवधिमा प्रकाशित भ्रष्टाचारसम्बन्धी सामग्रीमध्ये ६.० प्रतिशतचाहिँ विचारका रूपमा प्रकाशित भयो जसमध्ये कान्तिपुर र गोरखापत्र दुवैमा २.८ प्रतिशतका दरले विचार सामग्री प्रकाशित भयो भने लोकान्तरमा ०.५ प्रतिशत सामग्री विचारका रूपमा प्रकाशित भयो। भ्रष्टाचारसम्बन्धी विषयमा लेखिएका लेखमा नीतिगत बहस भएको पाइन्छ। *भ्रष्टाचारविरुद्ध उठ्नुपर्ने आवाज* शीर्षकमा कान्तिपुर दैनिकमा बुद्धिनारायण श्रेष्ठ लेख्छन्-

> *'प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराले मन्त्रिपरिषद्मा कोटा मागी आफ्ना जेठानलाई मन्त्री बनाए पनि तीन दिनभित्रै राजीनामा दिन समाजले बाध्य पाऱ्यो। जबराको कार्य अधिकार दुरुपयोग मिश्रित भ्रष्टाचारको कोटिमा पर्दैन भनेर कसले भन्न सक्छ ?'*[४]

त्यसो त सरकारी मुखपत्रका रूपमा रहेको गोरखापत्रमा प्रकाशित लेखमा भने भ्रष्टाचारको कारण र त्यसलाई न्यूनीकरणका लागि गर्नुपर्ने कदमबारे सुझाव दिएको पाइन्छ। गोरखापत्र दैनिकमा शिवराम न्यौपाने लेख्छन्-

> *'मुलुकमा विद्यमान कमजोर राजनीतिक, सामाजिक, प्रशासनिक अवस्थाका कारण भ्रष्टाचार नियन्त्रण अभियान प्रभावकारी गराउन सकिएको छैन। सङ्घीय तहदेखि स्थानीय तहसम्मको राजनीतिक नेतृत्व, एवं उच्च प्रशासनिक नेतृत्व, सञ्चारकर्मी, सेवाग्राही, नागरिक समाजसमेतको चासो, प्रतिबद्धता, ऐक्यबद्धता र अग्रसरतालाई मजबुत गराउनु जरुरी छ।'*[५]

भ्रष्टाचारसम्बन्धी सामाग्री प्रकाशनलाई लिएर मिडियाको तुलना गर्दा अनलाइन र छापा दुवैथरी मिडियाले समाचार प्रकाशनलाई प्राथमिकता

---

४ श्रेष्ठ, बुद्धिनारायण। २०७८, पुस ६। भ्रष्टाचारविरुद्ध उठ्नुपर्ने आवाज। कान्तिपुर दैनिक, पृ. ७।

५ न्यौपाने, शिवराम। २०७८, माघ १३। भ्रष्टाचारमा मिलिभगत प्रवृत्ति। गोरखापत्र दैनिक, पृ. ५।

दिएका देखिन्छ। अनलाइन र छापाअन्तर्गत पनि सबै मिडियाको प्राथमिकता समाचार प्रकाशनमा नै रहेको छ । दोस्रो प्राथमिकताको रूपमा भने अनलाइन मिडियाको समाचार विश्लेषण रहेको छ भने छापा माध्यमको विचार रहेको देखिन्छ। विचार निर्माणको पक्षमा अनलाइनहरूको भूमिका कमजोर देखियो। छापा माध्यमले भने समाचार विश्लेषणलाई तेस्रो र सम्पादकीयलाई चौथो प्राथमिकतामा राखेका देखियो।

फिचरमा अनलाइनहरूको र अन्तर्वार्तामा छापा माध्यमको रुचि नभएको पाइयो। यस अवधिमा अध्ययनमा समेटिएका अनलाइनखवर, इकागज र लोकान्तरले भ्रष्टाचारसम्बन्धी एउटा पनि फिचर प्रकाशन नगर्नु र गोरखापत्र र कान्तिपुर जस्ता छापा माध्यमले यस विषयमा एउटा पनि अन्तर्वार्ता प्रकाशन नगर्नुले पनि यो कुरा प्रष्ट्याएको छ। अन्तर्वार्तामा पनि सञ्चार माध्यमहरूको खासै रुचि देखिएन। यस अवधिमा भ्रष्टाचारसम्बन्धी विषयमा इकागजबाहेक अन्य कुनै पनि सञ्चार माध्यमले अन्तर्वार्ता प्रकाशन नगर्नुले अन्तर्वार्ता मिडियाको कम प्राथमिकताको विधा/क्षेत्र रहेको देखिन्छ।

## गण्डकी प्रदेशमा कम

अध्ययन अवधिमा ५ वटा मिडियामा १९४ वटा समाचार प्रकाशित भएका थिए। प्रदेशगत रुपमा हेर्दा त्यसमध्ये सबै भन्दा धेरै ७२.७ प्रतिशत समाचारको डेटलाइन बागमती प्रदेशका जिल्लाहरू छन्। १ प्रतिशत समाचारको डेटलाइन गण्डकी प्रदेशका जिल्ला छन् जुन प्रदेशहरूबाट लेखिएको समाचारको तुलनामा सबै भन्दा कम हो। प्रदेशगत आधारमा हेर्दा सुदूरपश्चिम प्रदेशको ४.६ प्रतिशत, कर्णाली प्रदेशको ४.६ प्रतिशत, लुम्बिनी प्रदेशको ५.२ प्रतिशत, मधेश प्रदेशको ५.७ प्रतिशत र कोशी प्रदेशको ६.२ प्रतिशत समाचार प्रकाशित छन्।

तथ्याङ्कले भ्रष्टाचारसम्बन्धी समाचार नेपालको राजधानीसमेत रहेको बागमती प्रदेशभित्रका धेरै आएको देखाएको छ। बागमती प्रदेशपछि कोशी प्रदेश र त्यसपछि मधेश प्रदेश, लुम्बिनी प्रदेशका समाचार आएको पाइन्छ। सुदूरपश्चिम र कर्णाली प्रदेशबाट समानरूपमा समाचारहरू

आएको र गण्डकी प्रदेशको अरू प्रदेशको तुलनामा धेरै कम देखिन्छ। कुनैबेला काठमाडौँको डेटलाइनमा अर्को प्रदेशको समाचार पनि तयार गरेको पाइन्छ। काठमाडौँ डेटलाइनमा कान्तिपुर दैनिकमा राजु चौधरी कर्णाली प्रदेशको विषयमा लेख्छन्-

> *'कमिसनको खेलमा हुम्लामा खाद्य सङ्कट निम्त्याएको खाद्य व्यवस्था तथा व्यापार कम्पनीले हुम्लावासीलाई दिएको छूटमा समेत लुट गरेको पाइएको छ। कोभिड सङ्क्रमण बढिरहेका बेला गरिएको निषेधाज्ञाका क्रममा हुम्लावासीलाई सरकारले चामलमा २० प्रतिशत छूट दिएको थियो। उक्त रकम कर्मचारीले नै खाएको तथ्य फेला परेको हो।'*[६]

कुनैबेला एउटै समाचारमा काठमाडौँ, सुर्खेत र हुम्ला डेटलाइन राखेको पनि पाइन्छ जसले ३ वटै जिल्लाको विषय समेटेको देखिन्छ-

> *ढुवानी गर्दा किलोमा ४२ रुपियाँ महँगो कबोल गर्ने कम्पनीलाई ठेक्का दिन खोज्दा भएको विवादले हुम्लाको चामल नेपालगन्ज र सुर्खेतमा, भोकमरीले घेरेपछि सिंहदरबार आइपुगे हुम्ली।*[७]

तालिका २ : **प्रदेशका आधारमा समाचार** (सङ्ख्या- १९४)

| **प्रदेशका आधारमा** | **प्रतिशत** |
|---|---|
| बागमती प्रदेश | ७२.७ |
| कोशी प्रदेश | ६.२ |
| मधेश प्रदेश | ५.७ |
| लुम्बिनी प्रदेश | ५.२ |
| सुदूरपश्चिम प्रदेश | ४.६ |
| कर्णाली प्रदेश | ४.६ |
| गण्डकी प्रदेश | १ |
| जम्मा | १०० |

*स्रोत : सिएमआर-नेपाल, २०८०*

---

[६] चौधरी, राजु। २०७८, मङ्सिर १०। हुम्लामा खाद्यान्नको ११ लाख छूट कर्मचारीले कुम्ल्याए। कान्तिपुर दैनिक, पृ.९।

[७] चौधरी, राजु, गौतम, कृष्णप्रसाद र लामा, छपाल। २०७८, मङ्सिर ८। कान्तिपुर दैनिक, पृ. १।

## बाइलाइनबिनाका समाचार धेरै

अध्ययनमा समावेश २५.६ प्रतिशत समाचारमा मात्रै बाइलाइन छ । बाइलाइन नभएका समाचारको हिस्सा ७४.२ प्रतिशत छ । यसरी भ्रष्टाचारसम्बन्धी समाचार बाइलाइनबिना यति ठूलो सङ्ख्यामा प्रकाशित हुनुले सामग्रीको गुणस्तर र समाचारको प्रकृतिबारे थप बहस निम्त्याएको छ किनकि अध्ययनका क्रममा साना समाचारहरू र घटनामा आधारित समाचारमा बाइलाइन कम राखेको र खोजी तथा गहनखालका समाचारमा बाइलाइन राखेको पाइयो ।

तालिका ३ : **बाइलाइनका आधारमा समाचार (समाचार सङ्ख्या-१९४) प्रतिशतका आधारमा**

| समाचारका प्रकार | छापा | अनलाइन | प्रतिशत |
|---|---|---|---|
| बाइलाइन भएका | ११.९ | १३.९ | २५.८ |
| बाइलाइन नभएका | २५.२ | ४९ | ७४.२ |
| जम्मा प्रतिशत | ३७.१ | ६२.९ | १०० |

*स्रोत : सिएमआर-नेपाल, २०८०*

पत्रिकामा प्रकाशित समाचारमध्ये ११.९ प्रतिशत समाचारमा बाइलाइन छ भने २५.२ प्रतिशतमा बाइलाइन पाइँदैन । प्रकाशित सामग्रीमध्ये अनलाइनको हकमा १३.९ प्रतिशत समाचारमा मात्रै बाइलाइन छ भने ४९ प्रतिशतमा बाइलाइन थिएन । यसले पनि अनलाइनले समाचारको सङ्ख्यामा जोड दिए पनि विषयवस्तुको गहिराइमा रुचि र प्राथमिकता नदिएको देखिन्छ । बाइलाइनमा प्रकाशित समाचार खोजी गर्नुका साथै विस्तृत विवरण राखिएको पाइन्छ । यसका साथै यस्ता समाचारमा आलोचनात्मक चेत पनि पाइन्छ। *सरकारी भवनमा समानान्तरको रजगज : कर्मचारीलाई मुद्दा, ठेकदारलाई उन्मुक्ति* 'शीर्षकमा अनलाइनखबरमा रवीन्द्र घिमिरेको बाइलाइनमा प्रकाशित समाचारमा लेखिएको छ-

> *'काठमाडौँ महानगरपालिकाले टेकुमा बनाउन लागेको कार्यालय भवनमा ठेक्का लगाउँदा भ्रष्टाचार भएको अख्तियार दुरुपयोग*

*अनुसन्धान आयोगको अनुसन्धानको ठहर छ । आयोगले महानगरका निर्देशक भैरवबहादुर बोगटीसहित ५ जना कर्मचारीविरुद्ध गलत लिखत तयार गरी भ्रष्टाचार गरेको ठहर गर्दै बुधबार विशेष अदालतमा मुद्दा दायर गरेको छ । तर मेयर विद्यासुन्दर शाक्यसहित ठेक्का लगाउने प्रक्रियामा संलग्न प्रमुख प्रशासकीय अधिकृत राजेश्वर ज्ञवाली, भौतिक पूर्वाधार विभाग प्रमुख राम थापा मात्र होइन, ठेकदार कम्पनी समानान्तर निर्माण सेवालाई पनि मुद्दा लगाइएको छैन । अख्तियारका एक अधिकारी खरिद प्रक्रियाभित्रको मूल्याङ्कन गलत भएपछि त्यसमा संलग्नबारे थप अनुसन्धानसमेत नगरी तल्लो तहका कर्मचारीलाई मुद्दा चलाउनु लज्जास्पद भन्छन् ।'*[८]

लैङ्गिक आधारमा हेर्दा समाचार लेख्नेमा पुरुष पत्रकारको बाहुल्यता छ । छापा र अनलाइनमा गरी ९२ प्रतिशत पत्रकार पुरुष छन् भने ६ प्रतिशत महिला छन् । जसमध्ये २ प्रतिशत महिला र पुरुषले संयुक्त रुपमा समाचार लेखेको पाइन्छ । अनलाइनमा प्रकाशित सबै समाचारमा पुरुष पत्रकारको मात्र बाइलाइन छ । यस्तै पत्रिकामा प्रकाशित ४६ प्रतिशत समाचारमध्ये ३८ प्रतिशत पुरुष, ६ प्रतिशत महिला र २ प्रतिशत महिला र पुरुषले लेखेका छन् ।

तालिका ४ : **लैङ्गिक आधारमा बाइलाइन**

| **मिडिया** | **लिङ्ग** | | | **प्रतिशत** |
|---|---|---|---|---|
| | | | **महिला र पुरुष** | |
| | **पुरुष** | **महिला** | | |
| अनलाइन | ५४ | - | - | ५४ |
| छापा | ३८ | ६ | २ | ४६ |
| जम्मा | ९२ | ६ | २ | १०० |

*स्रोत : सिएमआर-नेपाल, २०८०*

[८] घिमिरे, रवीन्द्र । २०७८, पुस २ । सरकारी भवनमा समानान्तरको रजगज : कर्मचारीलाई मुद्दा, ठेकेदारलाई उन्मुक्ति । Retrieved December 5, 2022 from https://www.onlinekhabar.com/2021/12/1054046 ।

प्रकाशित समाचारमध्ये ९५.३८ प्रतिशतमा आफ्नै संवाददाता छन् जसमा बाइलाइन भएका र बाइलाइन नभइ संवाददाताले लेखेका समाचार छन् भने २.५६ प्रतिशत समाचारमा समाचार समिति उल्लेख छ। त्यस्तै २.०५ प्रतिशत समाचारमा केही पनि उल्लेख गरिएको पाइएन। यसबाट मिडियाले भ्रष्टाचारसम्बन्धी समाचार समितिको प्रयोग गर्ने भन्दा पनि आफ्नै पहलमा उत्पादन गर्ने गरेको देखिन्छ।

## भित्री पृष्ठमा जोड

पत्रिकामा प्रकाशित सामग्रीमध्ये पहिलो पृष्ठमा १४.९ प्रतिशत, भित्री पृष्ठमा ६७.८ प्रतिशत र विचार पृष्ठमा १७.३ प्रतिशत समावेश गरिएको पाइन्छ। सङ्ख्यात्मक हिसाबले हेर्दा पहिलो पृष्ठमा भन्दा भित्री पृष्ठमा भ्रष्टाचारसम्बन्धी सामग्री धेरै प्रकाशित भएको देखिन्छ। प्रकाशित भएको स्थानको हिसाबले हेर्दा १६.१ प्रतिशत समाचार एङ्कर समाचारका रूपमा प्रकाशित भएको पाइन्छ भने ९.२ प्रतिशत मुख्य समाचारका रूपमा प्रकाशित भएका छन्। ५७.५ प्रतिशतचाहिँ मुख्य समाचार र एङ्कर समाचार भन्दा बाहेकका स्थानमा प्रकाशित भएको पाइन्छ।

तालिका ५ : **पत्रिकामा सामग्री प्रकाशन पृष्ठ स्थान** (समाचार सङ्ख्या- ८७)

| **प्रकाशित पृष्ठ** | **प्रतिशत** |
|---|---|
| पहिलो | १४.९ |
| भित्री पृष्ठ | ६७.८ |
| विचार पृष्ठ | १७.३ |
| कुल सामग्री | १०० |

*स्रोत : सिएमआर-नेपाल, २०८०*

गोरखापत्र दैनिकले पहिलो पृष्ठमा १ कोलमको समाचार प्रकाशित गरेको पनि पाइन्छ-

> *‘अख्तियार दुरुपयोग अनुसन्धान आयोगले एक जना जिल्ला वन अधिकृतले रक्तचन्दनको ठेक्का मिलाउन ७० लाख रुपियाँ*

*घूस लिएको दाबीसहित विशेष अदालत काठमाडौँमा आरोपपत्र दायर गरेको छ।'*[९]

## घटनाप्रधान बढी

भ्रष्टाचारसँग सम्बन्धित समाचारहरू मिडियामा आउँदा घटनामा आधारित बढी आएको पाइन्छ। प्रकाशितमध्ये ८६.२ प्रतिशत घटनामा आधारित छन्। घटनाप्रधानमा भ्रष्टाचारसँग सम्बन्धित दैनिकरूपमा हुने घटना तथा कार्यक्रम समावेश गरेको देखिन्छ। उदाहरणका लागि-

*'अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले भ्रष्टाचारले दिगो विकास र विधिको शासनलाई खतरामा पार्ने चेतावनी दिनुभएको छ।'*[१०]

घटनामा आधारित नभएका अर्थात् संवाददाताले खोजेका वा अनौपचारिक किसिमका समाचार १३.८ प्रतिशत छन्। यसले भ्रष्टाचारका समाचारहरू घटनामा आधारित धेरै भएको देखाउँछ। मिडिया आफैँले खोजेर नयाँ मुद्दाहरू बाहिर ल्याउने क्रम घटनामा आधारित समाचार आउनु भन्दा धेरै कम रहेको देखिन्छ। घटनामा आधारित नभएका कतिपय समाचार अनुसन्धानमूलक छन् जसले भ्रष्टाचारको पाटोलाई समेत उधिनेको पाइन्छ। २०७८ मङ्सिर ८ गते चामल ढुवानीमा कमिसनको खेलले भोकमरी शीर्षकमा कान्तिपुर दैनिकमा लेखिएको छ-

*'चामल ढुवानीमा भएको कमिसनको खेलले हुम्लामा खाद्य सङ्कट निम्तिएको छ। हवाई मार्गबाट हुम्लामा खाद्य ढुवानी गर्न गत साउन १५ मा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले गोप्य सिलबन्दी बोलपत्र आह्वान गरेको थियो। तर झन्डै ४ करोड कमिसनको प्रलोभनमा महँगो ढुवानी दर कबोल गर्ने कार्गो सर्भिसलाई ढुवानी स्वीकृत दिन खोज्दा हुम्लामा चामल ढुवानी रोकिएको छ।'*[११]

---

[९] भ्रष्टाचार मुद्दा दर्ता। २०७८, फागुन ५। गोरखापत्र दैनिक, पृ. १।

[१०] भ्रष्टाचारले विधिको शासन खतरामा : राई। २०७८ पुस २। गोरखापत्र दैनिक, पृ.१।

[११] चौधरी, राजु, गौतम, कृष्णप्रसाद र लामा, छपाल। २०७८, मङ्सिर ८। कान्तिपुर दैनिक, पृ. १।

मिडियामा घटनामा आधारित नभएका र आफ्नै पहलमा दस्तावेजसहित पनि समाचार प्रकाशित भएको देखिन्छ । नेपालमा भएका भनिएका भ्रष्टाचारका प्रकरणबारे लोकान्तरमा प्रकाशित समाचारमा लेखिएको छ-

> *'सङ्घीय संसद्को सार्वजनिक लेखा समितिले छानबिन गरी थप अनुसन्धान र मुद्दा दर्ताका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाएका ठूला भ्रष्टाचार प्रकरणका फाइलमाथिको अनुसन्धान लामो समयसम्म पनि निष्कर्षमा पुग्न सकेको छैन। पछिल्लो ३ वर्षयता केही ठूला भ्रष्टाचार काण्डका विषयमा लेखा समितिले आयोगलाई पठाएको फाइलका सम्बन्धमा हालसम्म अनुसन्धान पूरा हुन नसकेको हो। केही फाइल त भ्रष्टाचार भएको निष्कर्षसहित लेखा समितिले आयोगमा पठाएको ३ वर्षसम्म पनि थप प्रगति भएको जानकारी समितिलाई प्राप्त भएको छैन। लामो समयसम्म पनि ती फाइलका सम्बन्धमा छानबिन नसक्दा अख्तियार संसद्प्रति जवाफदेही नरहेको देखिने सांसदहरू नै बताउँछन्। वाइड बडी विमान खरिद प्रकरण, कोरोनाकालमा स्वास्थ्य सामग्री खरिद प्रकरण, सेक्युरिटी प्रेस खरिद प्रकरण, वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमसहित विभिन्न ठुल्ठूला प्रकरणमा लेखा समितिले छानबिन गरेर भ्रष्टाचार भएको निष्कर्ष निकालेको थियो। थप छानबिन गरेर दोषीलाई कानुनबमोजिम हदैसम्मको कारबाहीका लागि लेखा समितिले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा फाइल पठाएको थियो। तर ती फाइलहरूको छानबिन सम्पन्न गरेर अख्तियारले विशेष अदालतमा मुद्दा दर्ता गर्नुपर्नेमा हालसम्म पनि छानबिन सम्पन्न नहुँदा ती ठूला भ्रष्टाचार प्रकरणमा कारबाही हुन सकेको छैन।'*[१२]

[१२] अनुरागी, अजय । कहाँ पुग्यो, ठूला भ्रष्टाचार मुद्दाको अनुसन्धान ? । २०७८, पुस ४ । Retrieved December 10, 2022 from https://www.lokaantar.com/story/166393/2021/12/19/khoj/lekha-samiti_akhtiyar

सरोकारवालाले कुरा उठाउँदा, प्रतिवेदनहरू सार्वजनिक गर्दा समाचार तयार पार्न सहज हुन्छ । घटनामा आधारित नभएको बेला र क्षेत्रमा रिपोर्टिङ गर्दा पत्रकार आफैँ सक्रिय हुनुपर्छ । तर प्रमाण जुटाउन त्यति सहज हुँदैन, समय पनि धेरै लाग्न सक्छ । त्यसले गर्दा पत्रकार आफैँले खोजेर तयार पारेका समाचार कम हुन सक्छन् । सञ्चार गृहले थप लगानी गरेर अघि बढ्ने हो भने भ्रष्टाचारसम्बन्धी अनुसन्धानमूलक समाचार सामग्री बढ्न सक्छन् ।[१३]

तालिका ६ : **प्रकाशित समाचार सामग्रीको प्रकार**
(कुल समाचार सङ्ख्या १९४, अनलाइन-१२२, छापा-७२)

| **समाचारको किसिम** | **अनलाइन** | **छापा** | **प्रतिशत** |
|---|---|---|---|
| घटनामा आधारित | ८४.५ | ८८.८८ | ८६.२ |
| घटनामा आधारित नभएका | १५.५ | ४.१२ | १३.८ |
| जम्मा | १०० | १०० | १०० |

*स्रोत : सिएमआर-नेपाल, २०८०*

## आर्थिक अनियमिततामा केन्द्रित

मिडियामा प्रकाशित समाचार भ्रष्टाचारको एउटा क्षेत्र वा सो भन्दा बढी क्षेत्रसँग पनि सम्बन्धित रहेको पाइन्छ । प्रकाशित भएका समाचारमध्ये बहुविकल्पका आधारमा सबै भन्दा बढी १८५ वटा समाचार आर्थिक अनियमितता/पैसासँग सम्बन्धित थिए । मिडियामा आउने समाचारलाई आधार मान्दा नेपालमा सबै भन्दा बढी भ्रष्टाचार पैसासँग सम्बन्धित अर्थात् आर्थिक अनियमिततासँग जोडिएको क्षेत्रमा हुने गरेको देखिन्छ । त्यससम्बन्धी लोकान्तरमा प्रकाशित समाचारको नमुना-

*‘स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री विरोध खतिवडालाई राज्यकोषको २ अर्ब ५० करोड रुपियाँ हिनामिनाको आरोप लगाउँदै नेकपा*

[१३] २०७९ साल चैत २० गते कान्तिपुरका राजनीतिक ब्युरो प्रमुख गंगा बिसीसँग गरिएको कुराकानीमा आधारित ।

*एमाले निकट राष्ट्रिय युवा सङ्घ, नेपालले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी दिएको छ । मन्त्री खतिवडाले जिम्मेवारी बहन गरेपछि कोभिड-१९ विरुद्धको २४ लाख डोज खोप हराएको र सोको मूल्य करिब २ अर्ब ५० करोड रुपियाँ रहेकाले हिनामिनामा मन्त्रीको संलग्नता रहेको सङ्घले आरोप लगाएको छ । मन्त्री खतिवडा र यस कार्यमा संलग्न व्यक्तिहरूउपर छानबिन गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३, ८ र १७ तथा अन्य कानुनी प्रावधानबमोजिम कारबाही गर्न माग गरिएको सङ्घका अध्यक्ष किरण पौडेलले बताए ।'* [१४]

आर्थिक अनियमिततापछि शक्ति, पद तथा अधिकार दुरुपयोग भएका समाचार मिडियामा धेरै प्रकाशित हुने गरेको देखिन्छ। अध्ययन अवधिमा समेटिएका समाचारमध्ये १३५ वटा समाचार शक्ति, पद तथा अधिकार दुरुपयोगसँग सम्बन्धित छन् ।

अध्ययनको यस अवधिमा मिडियामा प्रकाशित भ्रष्टाचारसम्बन्धी समाचारमध्ये जालसाझीसम्बन्धी ११९ वटा, सुशासनसँग सम्बन्धित ७५ वटा, कर्तव्यच्युतसँग २५ वटा, नातावाद तथा कृपावादसँग १४ वटा थिए। यसैगरी व्यक्तिगत स्वार्थका १६ वटा र भ्रष्टाचार संरक्षणसँग जोडिएका २० वटा समाचार प्रकाशित भएका थिए। अध्ययनले व्यक्तिगत स्वार्थ तथा नातावाद र कृपावाद अरूको तुलनामा कम हुने गरेको देखाएको छ।

[१४] साढे २ अर्ब हिनामिनाको आरोप लगाउँदै स्वास्थ्य मन्त्री खतिवडाविरुद्ध अख्तियारमा उजुरी । २०७८, माघ १८ । Retrieved December 11, 2022 from https://www.lokaantar.com/story/170771/2022/2/1/politics/birodh-khatiwada-

तालिका ७ : **भ्रष्टाचारसँग सम्बन्धित समाचारको विषयगत क्षेत्र** (समाचार सङ्ख्या-१९४)

| भ्रष्टाचारसँग सम्बन्धित समाचार किसिम | |
|---|---|
| आर्थिक अनियमितता/पैसा | १८५ |
| कर्तव्यच्यूत | २५ |
| जालसाजी | ११९ |
| नातावाद/कृपावाद | १४ |
| व्यक्तिगत स्वार्थ | १६ |
| शक्ति/पद/अधिकारको दुरुपयोग | १३५ |
| संरक्षण | २० |
| सुशासन | ७५ |

*स्रोत : सिएमआर-नेपाल, २०८० (बहुविकल्पमा आधारित)*

## सरकारी क्षेत्रका भ्रष्टाचारका उल्लेख्य समाचार

भ्रष्टाचारबारे मिडियामा आएका समाचारमध्ये बहुविकल्पका आधारमा हेर्दा सबै भन्दा धेरै १४५ वटा समाचार सरकारी क्षेत्रसँग सम्बन्धि छन्। नेपाल पर्यटन बोर्डसम्बन्धी अनलाइनखबरमा प्रकाशित समाचारमा लेखिएको छ-

> *'नेपाल पर्यटन बोर्डका कार्यकारी प्रमुख डा. धनञ्जय रेग्मीको काम कारबाहीमाथि छानबिन गर्न गठित उपसमितिले उनी आर्थिक अनियमितता र भ्रष्टाचारजन्य क्रियाकलापमा संलग्न रहेको निष्कर्ष निकालेको छ। र, थप कारबाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पत्राचार गर्न सिफारिस गरेको छ । नेपाल पर्यटन बोर्डका उपाध्यक्ष चन्द्रप्रसाद रिजालको संयोजकत्वमा गठित उपसमितिले बोर्डका कार्यकारी प्रमुख रेग्मी 'आर्थिक अनियमितता' मा संलग्न रहेको निष्कर्ष निकालेको हो।'*[१५]

[१५] पर्यटन बोर्डका कार्यकारी प्रमुख रेग्मीमाथि भ्रष्टाचारको आरोपमा अनुसन्धान गर्न सिफारिस । २०७८, माघ २२ । https://www.onlinekhabar.com/2022/02/1074933

भ्रष्टाचारसम्बन्धी समाचारमध्ये सरकारी र निजी क्षेत्रसँग सम्बन्धित ४८, निजी क्षेत्रसँग मात्र सम्बन्धित ३९, गैरनाफामूलकसँग सम्बन्धित ११ वटा समाचार छन्। त्यस्तै सरकारी र गैरनाफामूलकसँग सम्बन्धित ७, सरकारी र परोपकारी संस्थागत सम्बन्धित ५, परोपकारी संस्थासँग सम्बन्धित ३ र त्यसभन्दा बाहेक ५ वटा समाचार प्रकाशित भएका छन्। अध्ययनले मिडियामा सबै भन्दा बढी भ्रष्टाचार हुने क्षेत्रमा सरकारी, त्यसपछि सरकारी र निजी दुवै क्षेत्रको संलग्नतामा र त्यसपछि निजी क्षेत्रमा भ्रष्टाचार हुने गरेको समाचारहरू प्रकाशित भएको देखाएको छ। परोपकारी संस्थाहरूसँग जोडिएका भ्रष्टाचारका समाचारहरू मिडियामा सबै भन्दा कम मात्रामा आउने गरेको पाइन्छ।

तालिका ८ : **प्रकाशित समाचारमा भ्रष्टाचारको क्षेत्र**

| **भ्रष्टाचार जोडिएको क्षेत्र** | **सङ्ख्या** |
|---|---|
| सरकारी | १४५ |
| निजी | ३९ |
| परोपकारी संस्था | ३ |
| गैरनाफामूलक | ११ |
| सरकारी/निजी | ४८ |
| सरकारी/परोपकारी संस्था | ५ |
| सरकारी/गैरनाफामूलक | ७ |
| अन्य | ५ |

*स्रोत : सिएमआर-नेपाल, २०८० (बहुविकल्पमा आधारित)*

## आर्थिक क्षेत्रका धेरै

अध्ययन अवधिमा प्रकाशित भ्रष्टाचारसम्बन्धी समाचारमध्ये बहुविकल्पका आधारमा केलाउँदा सबै भन्दा बढी १२२ वटा सामग्री अर्थ/कर प्रशासन/भन्सारसँग जोडिएका छन्। त्यसपछि ७५ वटा समाचार भौतिक पूर्वाधार तथा विकास निर्माणसँग सम्बन्धित छन् भने ३८ वटा समाचार

न्याय प्रणाली, स्वास्थ्यसँग सम्बन्धित पनि ३८ वटा समाचार छन्। न्याय प्रणालीसँग सम्बन्धित समाचारको नमुना यस्तो छ-

*'प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराले आफ्नो तलब आम्दानीको तुलनामा अस्वाभाविकरूपमा सम्पत्ति आर्जन गरेको तथ्य फेला परेको छ। करिव साढे २५ वर्ष न्यायाधीश भएका जबराले न्यायाधीश भएबापत गरेको वैधानिक आम्दानीको तुलनामा करिव १०० गुणा बढी सम्पत्ति जोडेको तथ्य भेटिएको हो । अहिलेको बजारभाउको हिसाबले सम्पत्तिको मूल्याङ्कन गर्ने हो भने जबराको आर्जन झनै अस्वाभाविक देखिन्छ। ३ वैशाख २०५३ मा तत्कालीन पुनरावेदन अदालतको अतिरिक्त न्यायाधीशको रूपमा न्याय सेवामा प्रवेश गरेका जबराले यो अवधिमा तलव भत्ताबापत करिब १ करोड रुपियाँ आर्जन गरेको खुल्छ। तर, यो अवधिमा उनले जग्गामा मात्रै १२ करोड रुपियाँ लगानी गरेको देखिन्छ । वैध आर्जनको तुलनामा बढी सम्पत्ति देखिएमा त्यो गैरकानुनी सम्पत्ति आर्जन मानिन्छ ।'* [१६]

खेलकुदसँग सम्बन्धित एउटा समाचार प्रकाशित भएको पाइन्छ । अध्ययनले अर्थ/कर प्रशासन/भन्सार र अध्यागमनसँग सम्बन्धित समाचार धेरै प्रकाशित भएको र खेलकुद क्षेत्रसँग सम्बन्धित धेरै कम समाचार प्रकाशित भएको देखाउँछ। भ्रष्टाचारसँग जोडिएर कम समाचार आउने क्षेत्रमा सुरक्षा, ऊर्जा, सूचना प्रविधि पनि रहेका छन्।

---

[१६] ज्ञवाली, कृष्ण। २०७८, फागुन ३। प्रधानन्यायाधीश जबराको तलब एक करोड, सम्पत्ति एक अर्ब । Retrieved December 10, 2022 from https://www.onlinekhabar.com/2022/02/1079546 ।

तालिका ९ : **प्रकाशित समाचारमा भ्रष्टाचारको सम्बन्धित क्षेत्र** (समाचार सङ्ख्या- १९४)

| कुन क्षेत्रसँग सम्बन्धित छ ? | सङ्ख्या |
|---|---|
| अर्थ/कर प्रशासन/भन्सार | १२२ |
| उद्योग व्यवासय/आपूर्ति | ३१ |
| ऊर्जा | ८ |
| न्याय प्रणाली | ३८ |
| पर्यटन तथा नागरिक उडड्यन | १५ |
| प्राकृतिक स्रोतको दोहन | २९ |
| भौतिक पूर्वाधार तथा विकास निर्माण | ७५ |
| वन | २४ |
| शिक्षा | २९ |
| श्रम तथा रोजगार | २४ |
| सुरक्षा | ८ |
| सूचना प्रविधि | १० |
| स्वास्थ्य | ३८ |
| खेलकुद | १ |
| अन्य | ४ |

*स्रोत : सिएमआर-नेपाल, २०८० (बहुविकल्पमा आधारित)*

## धेरै समाचार स्थानीय सरकारसँग सम्बन्धित

अध्ययनले सङ्घ, प्रदेश र स्थानीय सरकारमध्ये भ्रष्टाचारसँग जोडिएका सबै भन्दा धेरै समाचार स्थानीय सरकारसँग जोडिएर आउने गरेको देखाएको छ। यस अवधिमा स्थानीय सरकारसँग जोडिएर ७९ वटा अर्थात ३६.७ प्रतिशत सामग्री प्रकाशित भएको देखिन्छ जसमा वडाध्यक्षसँग सम्बन्धित विषय पनि समाचारका रूपमा प्रकाशित भएको देखिन्छ-

> *'अख्तियार दुरुपयोग अनुसन्धान आयोगले महोत्तरीको पिपरा गाउँपालिका-५ का अध्यक्ष शम्भुप्रसाद यादवविरुद्ध विशेष*

*अदालतमा बिहीबार भ्रष्टाचार मुद्दा दायर गरेको छ ।'*[१७]

त्यसपछि सङ्घीय सरकारसँग जोडिएर ३२.६ प्रतिशत सामग्री प्रकाशित भएको पाइन्छ । सङ्घ एवं स्थानीय सरकार जोडिएर १७.७ प्रतिशत सामग्री प्रकाशित भएको देखिन्छ । त्यस्तै, अध्ययनले सङ्घ एवं प्रदेशसँग जोडिएको सामग्री मिडियामा सबै भन्दा कम आएको देखाएको छ । प्रदेश सरकार र स्थानीय सरकारसँगै जोडिएर पनि कमै मात्रामा सामग्री आउने गरेको देखिन्छ ।

तालिका १० : **प्रकाशित सामग्री कुन सरकारसँग सम्बन्धित छ ?**

| **भ्रष्टाचारमा सरकारसम्बन्धी समाचार** | **प्रतिशत** |
|---|---|
| प्रदेश | २.३ |
| प्रदेश र स्थानीय | २.३ |
| सङ्घीय | ३२.५ |
| सङ्घीय र प्रदेश | ०.९ |
| सङ्घीय र स्थानीय | १७.६ |
| स्थानीय | ३६.७ |
| नछुट्टिएको | ३.७ |
| अन्य | ३.७ |
| जम्मा | १०० |

*स्रोत : सिएमआर-नेपाल, २०८०*

## नीतिगत तथा निर्णयात्मक भ्रष्टाचार धेरै

अध्ययनको समयमा नीतिगत तथा निर्णयात्मक क्षेत्रमा भएका भ्रष्टाचारका समाचार बढी आएको छ जसको हिस्सा ५६.३ प्रतिशत छ । कृष्ण आचार्यको बाइलाइनमा कान्तिपुर दैनिकमा प्रकाशित समाचारमा नेकपा माओवादी केन्द्रका नेता जनार्दन शर्मा अर्थ मन्त्री हुँदा कसरी नीतिगत भ्रष्टाचारमा संलग्न थिए भन्ने देखाइएको छ-

[१७] वडाध्यक्षविरुद्ध भ्रष्टाचार मुद्दा । २०७८, माघ, २८ । गोरखापत्र, पृ.२ ।

*'अर्थ मन्त्री शर्माले प्रतिस्थापन विधेयकमार्फत फलामे छड, जस्तापाता जस्ता सामग्री उत्पादनका लागि कच्चा पदार्थका रूपमा प्रयोग हुने स्पन्ज आइरन र स्क्रप (पत्रु आइरन) आयातमा भन्सार शुल्क छूट दिने व्यवस्था गरेका थिए। उनले 'विवेक नपुऱ्याइ' एकातिर स्पन्जलाई भन्सार र अन्तःशुल्क छूट दिने निर्णय गरे भने अर्कातिर फलामे छड बनाउन प्रयोग हुने बिलेट आयात गर्दा लाग्ने ५ प्रतिशत भन्सार कायमै राखेर अन्तःशुल्क प्रतिकेजी १ रुपियाँ ६५ पैसाबाट २ रुपियाँ ५० पैसा पुऱ्याइदिए। यी दुवै निर्णयबाट अशोक, नारायणी, पशुपति, जगदम्बा, सर्वोत्तम, अम्बे, स्वस्तिक र कमला स्टिल उद्योगलाई फाइदा पुगेको छ। बाँकी २१ स्टिल उद्योगीले आफूसँग उत्पादन क्षमता नभएको विषयमा कर छूट तथा उत्पादन क्षमता भएको विषयमा अतिरिक्त करको भार थोपरिदिएकाले दोहोरो मर्कामा परेको भन्दै यस नीतिको विरोध गरिरहेका छन्। करसम्बन्धी यस्तो नीति लागू गर्दा स्वदेशमै उत्पादन हुने फलाम तथा स्टिल उद्योगको प्रवर्द्धन हुने र उपभोक्ताले पनि सस्तो मूल्यमा सामान पाउने अर्थ मन्त्रालयको दाबी थियो। तर, यसको परिणाम राज्यले ४ महिनामा करिब ४५ करोड रुपियाँ राजस्व गुमाइसकेको छ। यो नीति परिवर्तनको 'लबिइङ' र अनियमितताका रूपमा विवाद चर्कँदै गएकाले उक्त व्यवस्था फिर्ता होला कि भनेर स्पन्ज आइरनको आयात भने ४ महिनामै गत आर्थिक वर्षको तुलनामा दोब्बर पुगेको छ।'* [१८]

प्रक्रियागत क्षेत्रका ३०.२ प्रतिशत सामग्री आएका छन् जसमा हुँदै नभएका कामलाई समेत भयो भनी छलछाम गर्ने प्रयास भएको पाइन्छ। यसबारे इकागजले लेखेको एउटा समाचार यस्तो छ-

---

[१८] आचार्य, कृष्ण। २०७८, पुस ४। अर्थ मन्त्रीमार्फत नै 'पोलिसी ह्याक'?। कान्तिपुर दैनिक, पृ. १।

*'अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा दायर गरेको मुद्दा हेर्ने हो भने हुँदै नभएको कामसमेतलाई बढाइचढाइ गरेर भुक्तानी गरेको पाइएको छ । दाबी गरिएको बसपार्क निर्माणमा गर्नुपर्ने काम नगरेको, हुँदै भएको काम गरेको, काम सम्पन्न भएको भनी गरिएको प्रमाणीकरणको अध्ययन गर्दा सबै फर्जी देखिएको आयोगले जनाएको छ ।'*[१९]

सबै भन्दा कम ३ वटा अर्थात १.४ प्रतिशत समाचार प्रशासनिक ढिलासुस्तीसम्बन्धी आएका छन् । यसले नीतिगत तथा निर्णयात्मक क्षेत्रमा सबै भन्दा बढी समस्या भएको देखाउँछ । त्यसैगरी प्रशासनिक ढिलासुस्तीका समाचार कम आउने गरेको पनि पाइन्छ ।

तालिका ११ : **मिडियामा प्रकाशित समाचारमा भ्रष्टाचारको प्रकार**

| भ्रष्टाचारको किसिम | प्रतिशत |
|---|---|
| नीतिगत/निर्णयात्मक | ५६.३ |
| प्रक्रियागत | ३०.२ |
| प्रशासनिक ढिलासुस्ती | १.४ |
| अन्य | १२.१ |
| जम्मा | १०० |

*स्रोत : सिएमआर-नेपाल, २०८०*

## स्थानीय तहका कर्मचारी बढी संलग्न

प्रकाशित भएका भ्रष्टाचारसँग सम्बन्धित समाचारहरूलाई बहुविकल्पका आधार नियाल्दा भ्रष्टाचारमा सबै भन्दा बढी स्थानीय तहका कर्मचारीहरू संलग्न भएका पाइन्छ । स्थानीय सरकारका कर्मचारीहरू संलग्न भएका ८७ वटा समाचार प्रकाशित भएका छन भने सङ्घीय सरकारका कर्मचारीहरू संलग्न भएको ५९ र प्रदेश सरकारका कर्मचारीहरूको संलग्नता भएको समाचार ३७ वटा प्रकाशित भएको देखिन्छ । उपभोक्ता

[१९] हुँदै नभएको काम सम्पन्न भयो भनी प्रतिवेदन बनाएपछि ...। २०७८, फागुन १३ ।

समितिसँग जोडिएका समाचार ३४ वटा प्रकाशित भएका छन् । जसमा राजनीतिक दलहरू पनि उपभोक्ता समितिविरूद्ध सक्रिय भएका देखिन्छ-

> *'खोटाङको दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-८ दोर्पाचिउरीडाँडामा सञ्चालित विभिन्न योजनामा अनियमितता तथा भ्रष्टाचार भएको भन्दै सत्तारूढ गठबन्धन दलले वडाध्यक्ष, उपभोक्ता समितिलगायतलाई कारबाही गर्न माग गरेका छन् । वडामा सडक ढलान, एकीकृत बस्ती विस्तार, विद्यालय खेलमैदान र घेराबारालगायतका योजना मापदण्ड विपरित सञ्चालन गर्दै अनियमितता तथा भ्रष्टाचार गरिएको भन्दै नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी) र जनता समाजवादी पार्टीले सोमबार जिल्ला प्रशासन कार्यालयलाई ज्ञापन-पत्र बुझाउँदै वडाध्यक्ष लिलाकुमार चौहान, उपभोक्ता समिति र योजना कार्यान्वयन गर्ने निकायमाथि कारबाहीको माग गरेका हुन् ।'* [२०]

प्रधानमन्त्री, न्यायाधीश, सांसदसँग जोडिएका भ्रष्टाचारसम्बन्धी समाचार कमै मात्रामा आउने गरेको पाइन्छ ।

[२०] योजनामा अनियमितता भएको भन्दै वडाध्यक्ष र उपभोक्ता समितिमाथि कारबाही माग । २०७८, माघ ३ १७ । Retrieved December 10, 2022 from https://ekagaj.com/article/irregularity/40306/

तालिका १२ : **भ्रष्टाचारसँग जोडिएका पदाधिकारीसम्बन्धी समाचारको अवस्था** (बहुविकल्पमा आधारित)

| भ्रष्टाचारमा संलग्नता | सङ्ख्या |
|---|---|
| इन्जिनियर | १२ |
| उपभोक्ता समिति | ३४ |
| केन्द्रीय मन्त्री | ६ |
| ठेकेदार र निर्माण व्यवसायी | २४ |
| न्यायाधीश | १५ |
| प्रदेशमा कार्यरत कर्मचारी | ३७ |
| प्रहरी | ४ |
| राजनीतिक दलका नेता तथा कार्यकर्ता | २१ |
| व्यापारी र उद्योगपतिहरू | ३५ |
| सङ्घमा कार्यरत कर्मचारी | ५९ |
| स्थानीय तहमा कार्यरत कर्मचारी | ८७ |
| स्थानीय प्रतिनिधि | २२ |
| प्रदेश मन्त्री | २ |
| न्यायाधीश | १ |
| प्रदेश सांसद | १ |
| प्रधानमन्त्री | १ |
| सङ्घीय सांसद | १ |
| अन्य | १६ |

*स्रोत : सिएमआर-नेपाल, २०८० (बहुविकल्पमा आधारित)*

## प्रायः समाचारमा स्रोत उल्लेख

प्रकाशित समाचारमध्ये धेरै (९९.५ प्रतिशत) मा स्रोत उल्लेख गरेको पाइन्छ भने ०.५ प्रतिशत समाचारमा मात्रै स्रोत उल्लेख नगरेको देखिन्छ । स्रोत उल्लेख गरेकोमध्ये धेरै समाचारमा ज्ञात स्रोत उल्लेख गरेको देखिन्छ । ९३.८ प्रतिशत समाचारमा ज्ञात स्रोतको प्रयोग छ भने

१ प्रतिशत समाचारमा मात्रै अज्ञात स्रोत उल्लेख छ । ५.२ प्रतिशत समाचारमा चाहिँ ज्ञात र अज्ञात दुवै स्रोत उल्लेख गरेको पाइन्छ। ज्ञात स्रोतमध्ये ६०.९ प्रतिशत समाचारमा एउटा स्रोत मात्रै उल्लेख गरेको पाइन्छ। त्यसपछि २३ प्रतिशतमा दुईवटा स्रोत, ९.८ प्रतिशतमा तीनवटा स्रोत, ३.१ प्रतिशतमा चारवटा स्रोत, १.६ प्रतिशतमा ५ वटा स्रोत र अर्को १.६ प्रतिशतमा ५ भन्दा बढी स्रोत प्रयोग गरिएको छ । अज्ञात स्रोतका रूपमा अधिकारीलाई पनि कोट गरेको पाइन्छ-

> *'निषेधाज्ञाका क्रममा सरकारले जेठ २१ देखि असार ७ गतेसम्म खाद्य कम्पनीबाट बिक्री हुने खाद्यान्न बिक्रीमा छुट दिएको थियो। तर, शाखा कार्यालय हुम्लामा कार्यरत कर्मचारीले छुट नदिई केन्द्रमा भने छुट दिएको भनी प्रतिवेदन पेस गरेर झन्डै ११ लाख रुपियाँ कुम्ल्याएका छन्। 'सरकारले छुट दिने निर्णय गरे पनि त्यहाँ कार्यरत शाखा प्रमुख निर्मल थापा र सहायक भरत अधिकारीले छुट दिएनन्। तर, केन्द्रमा छुट दिएको भनी उनीहरूले पेस गरे। छानबिन गर्न आन्तरिक कमिटी गठन भयो,' कम्पनीका एक अधिकारीले भने, 'छानबिन टोलीले पेस गरेको प्रतिवेदनले पनि छुट नदिएको पुष्टि गऱ्यो।'* [२१]

भ्रष्टाचारको समाचारमा प्रमाणलाई बढी जोड दिने भएकाले अज्ञात स्रोतको प्रयोगलाई मिडियाले न्यूनीकरण गरेका छन्। स्रोतलाई अप्ठ्यारो पर्ने स्थितिमा अर्थात् अज्ञात स्रोत प्रयोग गर्नैपर्ने स्थितिमा पनि संवाददाताले स्रोतसँग कुरा गर्दाको नोट, रेकर्ड वा त्यसलाई सहयोग पुग्ने कुनै न कुनै प्रमाण हुनुपर्नेमा मिडियाले ध्यान दिन थालेका छन्।[२२]

---

[२१] चौधरी, राजु । २०७८, मङ्सिर १० । हुम्लामा खाद्यान्नको ११ लाख छुट कर्मचारीले कुम्ल्याए। कान्तिपुर दैनिक, पृ.९ ।

[२२] २०७९ साल चैत २० गते कान्तिपुरका राजनीतिक ब्युरो प्रमुख गंगा बिसीसँग गरिएको कुराकानीमा आधारित।

तालिका १३ : **भ्रष्टाचारसम्बन्धी समाचारमा स्रोतको अवस्था** (समाचार सङ्ख्या- १९४)

| **समाचारमा स्रोत उल्लेख** | **प्रतिशत** |
|---|---|
| छ | ९९.५ |
| छैन | ०.५ |
| जम्मा | १०० |

*स्रोत : सिएमआर-नेपाल, २०८०*

तालिका १४ : **भ्रष्टाचारसम्बन्धी समाचारमा स्रोत उद्धृतको प्रकार** (समाचार सङ्ख्या- १९४)

| **समाचार स्रोतको किसिम** | **प्रतिशत** |
|---|---|
| अज्ञात | १.० |
| ज्ञात | ९३.८ |
| ज्ञात र अज्ञात दुवै | ५.२ |
| जम्मा | १०० |

*स्रोत : सिएमआर-नेपाल, २०८०*

तालिका १५ : **भ्रष्टाचारसम्बन्धी ज्ञात स्रोत मात्र प्रयोग भएको समाचार अवस्था** (समाचार सङ्ख्या- १८२)

| **ज्ञात स्रोत प्रयोग सङ्ख्या** | **प्रतिशत** |
|---|---|
| १ | ६०.९ |
| २ | २३ |
| ३ | ९.८ |
| ४ | ३.१ |
| ५ | १.६ |
| ५ भन्दा बढी | १.६ |
| जम्मा | १०० |

*स्रोत : सिएमआर-नेपाल, २०८०*

अध्ययनमा समावेश भएका भ्रष्टाचारसम्बन्धी समाचारहरूमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई  सबै भन्दा धेरै स्रोतका रूपमा उल्लेख गरेको पाइन्छ। बहुविकल्प छनोटअनुसार हेर्दा ७६ वटा समाचारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई स्रोतका रूपमा प्रयोग गरिएको छ ।

त्यसपछि समाचारमा स्रोतका रूपमा स्थानीय तहका कर्मचारीलाई प्रयोग गरिएको पाइन्छ। ३४ वटा समाचारमा स्थानीय तहका कर्मचारीलाई समाचार स्रोतका रूपमा प्रयोग गरिएको छ भने सर्वसाधारण जनतालाई स्रोतका रूपमा उल्लेख गरिएका समाचार २३ वटा र प्रहरीलाई स्रोतका रूपमा प्रयोग गरिएका समाचार २१ वटा छन् । सङ्घीय कर्मचारी, अनुसन्धान केन्द्र तथा रिपोर्टहरू, उपभोक्ता समिति, निजी कार्यालयका कर्मचारीलाई पनि समाचारको स्रोतका रूपमा प्रयोग गरिएको छ। सांसद, मन्त्री तथा प्रधानमन्त्री स्रोतका रूपमा निकै कम प्रयोग भएका पाइन्छ (विस्तृत विवरणका लागि तालिका १६ हेर्नुहोला) ।

तालिका १६ : **प्रकाशित समाचारको स्रोतको क्षेत्र**

| **समाचारमा स्रोतका रूपमा प्रयोग** | **सङ्ख्या** |
|---|---|
| अख्तियार दुरुपयोग | ७६ |
| स्थानीय तहमा कार्यरत कर्मचारी | ३४ |
| जनता | २३ |
| प्रहरी | २१ |
| रिपोर्ट तथा अनुसन्धान केन्द्र | २० |
| सङ्घमा कार्यरत कर्मचारी | १८ |
| उपभोक्ता समिति | १४ |
| निजी कार्यालयका कर्मचारी | १३ |
| अदालत | १० |
| स्थानीय प्रतिनिधि | १० |
| निजी क्षेत्र | ८ |
| प्रदेशमा कार्यरत कर्मचारी | ८ |
| राजनीतिक दलका नेता तथा कार्यकर्ता | ८ |
| गैरसरकारी संस्थाहरू | ८ |
| नागरिक समाज | ७ |
| व्यापारी र उद्योगपतिहरू | ६ |
| ठेकदार र निर्माण व्यवसायी | ५ |
| इन्जिनियर | ४ |
| विज्ञ | ३ |
| प्रधानमन्त्री | २ |
| केन्द्रीय मन्त्री | १ |
| सङ्घीय सांसद | १ |
| प्रदेश सांसद | १ |
| पहिचान नभएको | १ |
| अन्य | २ |

*स्रोत : सिएमआर-नेपाल, २०८० (बहुविकल्पमा आधारित)*

## निष्कर्ष

नेपालका मिडियामा घटना र सन्दर्भअनुसार भ्रष्टाचारसँग सम्बन्धित समाचार, विश्लेषण, फिचर, सम्पादकीय, लेख, अन्तर्वार्ता प्रकाशित भएका देखिन्छ। यस अध्ययनमा ५ वटा मिडिया समावेश गरिएकामा सङ्ख्याका हिसाबले सबै भन्दा धेरै भ्रष्टाचारसम्बन्धी सामग्री अनलाइनखबरमा आएको पाइन्छ । त्यसपछि गोरखापत्र दैनिक, इकागज, लोकान्तर र कान्तिपुर दैनिकमा प्रकाशित भएको देखिन्छ। अनलाइनमा राख्नका लागि स्थान समस्या हुँदैन भने दैनिक पत्रिकाहरूमा ठाउँको पनि सीमितता हुन्छ। मिडियामा भ्रष्टाचारसँग सम्बन्धित कति समाचार आउने/नआउने भन्ने समाचार शाखाको संरचना र मिडियाको लगानीमा पनि निर्भर रहन्छ । त्यसैगरी आएका सामग्रीको गुणस्तर कस्तो छ भन्ने अर्को महत्त्वपूर्ण पाटो पनि हुन्छ । औसतमा हेर्दा अध्ययनमा समावेश भएका मिडियामध्ये प्राय:मा दैनिकजसो भ्रष्टाचारसँग सम्बन्धित समाग्री आउने गरेको देखिन्छ । यसले भ्रष्टाचारको विषयलाई मिडियाले प्राथमिकता दिएको देखाउँछ ।

प्रकाशित सामग्रीमध्ये समाचारको बाहुल्यता छ त्यसपछि क्रमश: विचार, सम्पादकीय र अन्तर्वार्ता प्रकाशित भएको देखिन्छ । अध्ययनमा समावेश सबै मिडियाले समाचारलाई पहिलो प्राथमिकता दिएको पाइन्छ। यसले समाचार मिडियाको सबै भन्दा प्राथमिकताको क्षेत्र हो भन्ने देखाउँछ। तर ती समाचार समाचार शाखाले विशेष तयारी गरेर आएका हुन् कि घटनाविशेषलाई कभर गर्दा आएका हुन् भन्ने पनि छलफलको विषय छ। त्यसैगरी ती समाचारले मिडिया र पत्रकारलाई कुन हदसम्म अघि बढाउन सहयोग गरे भन्नेले पनि अर्थ राख्छ।

समाचारपछि अनलाइनखबर र लोकान्तरमा विश्लेषणात्मक सामग्री, इकागजमा विश्लेषणात्मक सामग्री र सम्पादकीय समानरूपमा आएको पाइन्छ भने कान्तिपुर दैनिकमा विचारले महत्त्व पाएको देखिन्छ। कस्ता सामग्रीले मिडियामा स्थान पाउने भन्ने सम्पादकीय नीतिले पनि प्रभाव पार्छ। त्यसैगरी मिडियाको प्राथमिकता र जनशक्तिले पनि भूमिका निर्वाह गर्छ । सबै मिडियामा सम्पादकीय तथा अन्तर्वार्ताले स्थान पाउनै पर्छ

भन्ने छैन। त्यसमा पनि दैनिक पत्रिका र अनलाइनको शैली पनि फरक फरक देखिन्छ। दैनिक पत्रिकाहरूमा सम्पादकीयले नियमित स्थान पाएको देखिन्छ भने अनलाइनमा सम्पादकीय बेलाबखत लेख्ने गरेको पाइन्छ। मिडियाको खास धारणा सम्पादकीयले प्रतिनिधित्व गर्छ भन्ने मान्यतालाई ख्याल गर्ने हो भने सम्पादकीय तथा अन्तर्वार्तालगायतका सामग्रीबारे अनलाइनले पुनर्विचार गर्नुपर्ने देखिन्छ।

डेटलाइनका आधारमा हेर्दा बागमती प्रदेशबाट भ्रष्टाचारसँग सम्बन्धित सबै भन्दा धेरै समाचार प्रकाशित भएको पाइन्छ। समाचार उत्पादन भएको ठाउँ र मिडियाको सङ्ख्या हेर्दा राजधानी केन्द्रमा देखिन्छ। भ्रष्टाचारसँग सम्बन्धित समाचारमा बागमती प्रदेश केन्द्रमा हुनुले मिडिया केन्द्रमा बढी केन्द्रित हुन्छ भन्ने देखाउँछ। खासगरी मिडियाले जिल्लालाई भन्दा प्रदेशलाई र प्रदेशलाई भन्दा केन्द्रलाई जोड दिएको पाइन्छ। त्यस अतिरिक्त केन्द्रमा बिट नै छुट्टाएर पनि समाचारहरू तयार पारिन्छ जुन कुरा प्रदेश र जिल्लामा खासै अभ्यास गरेको पाइँदैन।

बागमतीपछि कोशी प्रदेश, मधेश प्रदेश र लुम्बिनी प्रदेशका सामग्री प्रकाशित भएका छन्। कर्णाली र सुदूरपश्चिम प्रदेशबाट समानरूपमा समाचार प्रकाशित भएको देखिन्छ भने सबै भन्दा कम गण्डकी प्रदेशका सामग्री प्रकाशित भएका छन्। बागमती प्रदेशबाट भ्रष्टाचारसम्बन्धी धेरै समाचार आए, त्यसैले बागमतीमा धेरै भ्रष्टाचार छ अनि गण्डकीबाट कम समाचार आए त्यसैले गण्डकी सुशासनमा अब्बल छ भन्ने अर्थ लगाउन मिल्दैन। त्यसमा मिडियाको साधनस्रोत, सोधखोज, भ्रष्टाचारविरुद्धका अभियान, भ्रष्टाचारविरुद्ध सक्रिय निकायहरूको भूमिका रहन्छ।

बाइलाइनसहित भन्दा बाइलाइनबिनाका समाचार धेरै प्रकाशित हुने गरेको देखिन्छ। खोजी गरेर तयार गरिएका सामग्रीमा धेरै बाइलाइन देखिन्छ भने महत्त्व कम भएका र तयार पारेर सम्बन्धित निकायले मिडियामा पठाएका सामग्रीमा बाइलाइन राखेको पाइँदैन। यस अध्ययनले मिडियामा भ्रष्टाचारसँग सम्बन्धित बाइलाइन कम आउनुले भ्रष्टाचारबारे सोधखोज र धेरै मेहनत गरेर सामग्री तयार पार्ने कार्य कम छ भन्ने

देखाउँछ । त्यसैगरी गहन तथा अनुसन्धानमूलक सामग्रीहरू तयार पार्ने वातावरण तयार हुने हो भने बाइलाइन बढ्न सक्ने पनि देखाउँछ। त्यो वातावरण मिडिया हाउसले तयार पार्नुपर्ने हुन्छ। त्यसका लागि मिडिया हाउस तयार छन् कि छैनन् भन्ने बहसको अर्को विषय बनेको छ।

लैङ्गिक दृष्टिकोणबाट हेर्दा पुरुषको तुलनामा महिला पत्रकारको बाइलाइन निकै कम छ। अनलाइनमा महिलाको नाममा कुनै समाचार प्रकाशित भएको पाइँदैन भने छापा माध्यममा पुरुषको तुलनामा महिला पत्रकारको बाइलाइन ज्यादै न्यून देखिन्छ। यस अध्ययनले भ्रष्टाचारसँग सम्बन्धित सामग्री तयार पार्नका लागि महिला पत्रकारलाई प्रोत्साहन गर्न जरुरी छ भन्ने पनि देखाएको छ।

मिडियामा घटनामा आधारित समाचारहरू धेरै प्रकाशित हुने गरेको देखिन्छ। घटनामा आधारित नभएका र मिडियाको पहलमा खोजी भएका समाचार धेरै कम छन्। अनलाइन र छापा माध्यमलाई तुलनात्मकरूपमा हेर्दा घटनामा आधारित समाचारको सङ्ख्या अनलाइनको तुलनामा छापामा धेरै छन्। यसले सामग्री तयार पार्ने शैलीमा दैनिक पत्रिकाले विशेष ध्यान दिनुपर्ने आवश्यकता देखाउँछ।

भ्रष्टाचारमध्ये सबैभन्दा धेरै सामग्री आर्थिक अनियमिततासँग सम्बन्धित पाइन्छ । त्यसपछि शक्ति/पद/अधिकारको दुरुपयोगसँग सम्बन्धित र जालसाझीसँग जोडिएका विषय आएको देखिन्छ। त्यसैगरी अर्थ/कर/भन्सारसँग सम्बन्धित धेरै सामग्री आएको पाइन्छ। त्यसपछि भौतिक पूर्वाधार तथा विकाससँग र न्याय क्षेत्रका समाचार आएको देखिन्छ। सरकारी क्षेत्रसँग जोडिएका सबै भन्दा धेरै सामग्री आएको देखिन्छ भने त्यसपछि सरकारी र निजी क्षेत्रसँग जोडिएका सामग्री आउने गरेको पाइन्छ। सबै भन्दा कम परोपकारी क्षेत्रसँग जोडिएका सामग्री आउने गरेको देखिन्छ। अध्ययनले मिडिया कभरेज आर्थिक अनियमिततामा बढी केन्द्रित भएको देखाउँछ। भ्रष्टाचारका क्षेत्रहरू धेरै छन्, त्यसबारेमा पत्रकारहरूको ध्यान नपुगेको हो कि विषयवस्तुको बुझाइमा समस्या रहेको हो, त्यसबारे पनि छलफल चलाउनुपर्ने आवश्यकता यस अध्ययनले देखाएको छ।

भ्रष्टाचारसँग जोडिएका सामग्री स्थानीय, प्रदेश र सङ्घीय सरकारमध्ये स्थानीय तहका बढी आउने गरेको पाइन्छ। त्यसपछि सङ्घ र प्रदेशमा सामग्री आएको देखिन्छ। केन्द्रबाट समाचार बढी उत्पादन हुने तर स्थानीय सरकारसँग सम्बन्धित समाचार बढी आउनुले अन्तरविरोध जस्तो देखिन्छ। त्यसको एउटा कारण हो, स्थानीय सरकारसँग सम्बन्धित उजुरीहरू अख्तियार दुरुपयोग अनुसन्धानमा आउनु। तर, यसले स्थानीय तहमा प्रदेश र केन्द्रमा भन्दा बढी भ्रष्टाचार भएको कि स्थानीय सरकारसँग सम्बन्धित समाचार मिडियामा आउने वातावरण सिर्जना भएको हो भन्ने पनि बहस सिर्जना गरेको छ।

यस्तै भ्रष्टाचारको प्रकारका आधारमा हेर्दा नीतिगत भ्रष्टाचारसँग जोडिएका सामग्री बढी आउने गरेको देखिन्छ। नीतिगतरूपमा र निर्णय हुनासाथ भ्रष्टाचार भयो भन्ने बुझाइ हो कि संरचनागतरूपमा नै नीतिगत तथा निर्णयगत भ्रष्टाचार भएका छन् र अनुसन्धानपछि दोषीहरू कारबाहीमा परेका छन् भन्ने पनि अर्को पाटोका रूपमा रहेको छ। संलग्नताका आधारमा हेर्दा स्थानीय तहका कर्मचारी संलग्न भएका समाचार सबै भन्दा धेरै प्रकाशित भएको पाइन्छ। त्यसको तुलनामा राजनीतिक दलका नेता तथा कार्यकर्ताको संलग्नता कम देखिन्छ। भ्रष्टाचारमा कर्मचारी र दलका नेता तथा कार्यकर्ताको सम्बन्धलाई पनि छुट्टै हेर्नुपर्ने देखिन्छ।

समाचारको स्रोतको प्रकारका रूपमा हेर्दा मिडियामा ज्ञात र अज्ञात स्रोत प्रयोग गरेको पाइन्छ। अज्ञात स्रोत भन्दा ज्ञात स्रोत धेरै प्रयोग भएको पाइन्छ। अज्ञात स्रोत प्रयोग गर्दा बेलाबेलामा मिडियाले 'एक अधिकारी' पनि उल्लेख गर्ने गरेको देखिन्छ। समाचारको स्रोतका रूपमा हेर्दा मिडियाले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई भ्रष्टाचारसँग सम्बन्धित समाचारको मुख्य स्रोतका रूपमा लिएको छ। स्रोतका रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग राम्रो पक्ष हो तर यसले मिडिया आफ्नो सोधीखोजी र स्रोत भन्दा अख्तियारमा बढी निर्भर रहेको देखाउँछ। र, मिडियाले आफ्नो सक्रियता बढाउन जरुरी छ भन्ने सन्देश दिएको छ।

## सन्दर्भ सामग्री

आचार्य, रामकुमार । २०७९ । नेपालमा भ्रष्टाचार कारण र निवारण । काठमाडौँ : लेखक स्वयं ।

बराल, अरुण । २०७६, असार १६ । सरकार र पत्रकारको सम्बन्ध । Retrieved February 8, 2023 from https://www.onlinekhabar.com/2019/07/777718

झा, धर्मेन्द्र । सन् २०१७ । पत्रकारितामा भ्रष्टाचार र यसको प्रभाव । Retrieved April 1, 2023 from https://www.kantipurhotline.com/2017/06

दाहाल, तारानाथ । २०७८, फागुन २४ । भ्रष्टाचार, कुशासन र पत्रकारिता । Retrieved April 3, 2023 from https://ekagaj.com/article/news/89424/

पौडेल, शरदचन्द्र । २०७७ । भ्रष्टाचार । काठमाडौँ : साङ्ग्रिला पुस्तक प्रा.लि. ।

मैनाली, श्याम । २०७६, माघ २१ । भ्रष्टाचार नियन्त्रणका लागि पत्रकारिता । Retrieved April 2, 2023 from https://beta.gorkhapatraonline.com/opinion/2020-02-04-8150

थापा, हरिबहादुर । २०७४, भदौ १७ । ठुल्ठूला भ्रष्टाचार पर्दाफास गर्न पत्रकारितामा लगानी भएकै छैन । Retrieved April 1, 2023 from https://www.setopati.com/politics/81343\

पाण्डे, अभय । २०७६, फागुन २९ । मिडिया समाजको ऐना कि मालिकको क्यामरा । Retrieved Janauary 3, 2023 from https://shilapatra.com/detail/22284

Chene, Marie. 2019. Gender Equality and Corruption, Transparency International U4 Helpdesk Answer

Drüeke, Ricarda. 2018. Medien, Öffentlichkeit und Demokratie: Zur Watchdog-Funktion von Medien

Fardigh, Mathias A.. 2013. What's the Use of a Free Media–The Role of Media in Curbing Corruption and Promoting Quality of Government.

Freedom in the World 2018. 2018. Retrieved April 3, 2023 from https://freedomhouse.org/sites/default/files/2020-02/FH_FIW_Report_2018_Final.pdf

Freedom in the World 2019 . 2019. Retrieved April 3, 2023 from https://freedomhouse.org/sites/default/files/2021-08/FIW2019_book_jumbo-PDF.pdf

Ibelema, Minabere. 2008. *The African Press, Civic Cynicismand Democracy.* Palgrave Macmillan : New York

Mendes, Maria. 2013. Overview of Corruption in the Media in Developing Countries, Transparency International U4 Expert Answer

Ni. 2014. Introduction to "Family Plundering", Century Weekly, in: Schiffrin, Anya. 2014. *Global Muckraking – 100 Years of Investigative Journalism from Around the World,* The New Press, London/New York

Nogara, M. 2009. "Role of Media in Curbing Corruption: The Case of Uganda Under President Yoweri K. Museveni During the 'No-Party' System." DESA Working Paper Series no. 72:

OCCRP. 2019. Ghana Journalist Who Exposed Football Corruption Shot Dead.

Schauseil, Wasil . 2019. Media and anti-corruption. Retrieved April 3, 2023 from https://www.u4.no/publications/media-and-corruption.pdf

Schiffrin, Anya. 2014. *Global Muckraking – 100 Years of Investigative Journalism from Around the World.* The New Press : New York

Spiegel. 2018. "Die Regierung hat das korrupte System erst ermoglicht".

Transparency International. 2012. The Power of Journalism as an Anti-Corruption Tool.

Weaver, David H. 1977. The Press and Government Restriction: A Cross-National Study over Time, in: International Communication Gazette, 23(3): 152- 70

# लेखक परिचय

**डा.कुन्दन अर्याल** : सहप्राध्यापक अर्याल पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालयका विभागीय प्रमुख तथा स्वतन्त्र पत्रकार हुन् ।

**चेतना कुँवर** : सेन्टर फर मिडिया रिसर्च-नेपालमा मिडिया अनुसन्धानमा संलग्न कुँवर काठमाडौं विश्वविद्यालयबाट विद्यावारिधि गर्दैछिन् ।

**जनार्दन नेपाल** : विभिन्न गैरसरकारी संस्थामा करिव दुई दशक अनुभव हासिल गरेका नेपाल विकास, परामर्श र अनुसन्धानको क्षेत्रमा सक्रिय छन् ।

**तिलक पाठक** : दुई दशक पत्रकारिताको अनुभव सङ्गालेका पाठक पत्रकारिताको अध्ययन-अध्यापन र अनुसन्धान क्षेत्रमा सक्रिय छन् ।

**तेजमान श्रेष्ठ** : संवैधानिक कानुन तथा अन्तर्राष्ट्रिय मानव अधिकार कानुनमा दख्खल राख्ने अधिवक्ता श्रेष्ठ नेपाल ल क्याम्पस, कानुन सङ्काय, त्रिभुवन विश्वविद्यालयमा उपप्राध्यापक छन् ।

**दीपक अर्याल** : दुई दशकदेखि पत्रकारिता तथा मिडिया अध्ययन-अध्यापनमा सक्रिय अर्याल अनुसन्धान र लेखनमा संलग्न छन् ।

**डा. दिपेशकुमार घिमिरे** : भ्रष्टाचार र अविकास शीर्षकमा विद्यावारिधि गरेका घिमिरे त्रिभुवन विश्वविद्यालय समाजशास्त्र केन्द्रीय विभाग कीर्तिपुरका उपप्राध्यापक हुन् ।

**भुवन केसी** : दुई दशक पत्रकारिताको अनुभव सङ्गालेका केसी मिडिया, राजनीतिलगायत विषयको अध्ययन तथा अनुसन्धानमा सक्रिय छन् ।

**राजीवरञ्जन सिंह** : त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्रमा स्नातक गरेका सिंह अनुसन्धानमा सक्रिय छन् ।

**सगुन लोथ्याल** : त्रिभुवन विश्वविद्यालय, पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागमा स्नातकोत्तर तह अध्ययन गरेकी लोथ्याल सेन्टर फर मिडिया रिसर्च-नेपालमा इन्टर्नका रूपमा काम गरेकी थिइन् ।

**हरिबहादुर थापा** : वरिष्ठ पत्रकार थापा राजनीति, प्रशासन र संसदीय ममिलासम्बन्धी पुस्तक लेखन तथा अनुसन्धानमा सक्रिय छन् ।

www.research.butmedia.org

9 789937 171359 >